# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक








वर्ष १ अङ्क ४८ | २०७४ जेठ २२ गते सोमबार | Monday, June 5, 2017 | पृष्ठ ८ | मूल्य रु. १०|-


## देजमोद्वारा धमाधम उम्मेदवार घोषणा

# जुझारू बन्दैछन् उम्मेदवारहरू

◆ वर्गदृष्टि संवाददाता

काठमाडौं । स्थानीय तहको दोस्रो चरणको निर्वाचनका लागि देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले दोस्रो चरणमा निर्वाचन हुने १, २, ५ र ७ नं. प्रदेशमा पर्ने ४३ वटा जिल्लाका ४६१ वटा तहका लागि धमाधम उम्मेदवारहरु घोषणा गरिरहेको छ । पहिलो चरणको निर्वाचनमा करिब पाँचसयको हाराहारीमा देजमोका उम्मेदवारहरुले भाग लिएका थिए भने दोस्रो चरणको निर्वाचनमा पनि उत्साहजनक रुपमा जिल्ला जिल्लामा उम्मेदवारी घोषणा भइरेको देजमो, नेपालको केन्द्रीय कार्यालयले जनाएको छ । कार्यालय सचिव हरिकृष्ण गजुरेलले दिएको जानकारी अनुसार प्रायः सबै जिल्लामा उम्मेवार छनौटको प्रक्रिया अन्तिम चरणमा पुगेको छ ।



संसदीय व्यवस्था, सत्ता र संविधानको प्रतिक्रियावादी चरित्रको भण्डाफोर र पार्टी तथा जबस, मोर्चाको संगठन विस्तारको आधार निर्माण गर्ने प्रमुख लक्ष्यका साथ निर्वाचनको क्रान्तिकारी उपयोग गरेको देजमो, नेपालले पहिलो चरणको निर्वाचनमा घोषित उद्देश्यमा मूलतः सफल भएको निष्कर्ष निकालेको छ ।

दलीय निर्वाचन चिन्ह नदिनु, स्वतन्त्रको हैसियतमा उम्मेदवारैपिच्छे फरक फरक चुनाव चिन्ह हुनु, मनोनयन दर्ताको दुईदिनपछि मात्र निर्वाचन चिन्ह प्राप्त हुँदा निर्वाचन चिन्हबारे मतदातालाई जानकारी गराउन र त्यसको प्रचारप्रसारमा समय अभाव हुनु, चरम आर्थिक अभाव हुँदा उम्मेदवारहरु मतदातासम्म पुग्न नसक्नु, माकेलगायतका संसदवादीहरुको चौतर्फी घेराबन्दी हुनुलगायतका प्रतिकूलतालाई ... बाँकी ४ पेजमा

## संसदवादी चुनावी शैलीको कुरुप नमूना 'भरतपुर काण्ड'

**समाचार टिप्पणी**

चितवनको भरतपुरमा मतगणना जारी रहँदा मतपत्र च्यातिएपछि त्यसले नयाँ मोड लिएको छ । निर्वाचन आयोगले ९० मतपत्र च्यातिएपछि पुनः मतदानको निर्णय गरिसकेको छ । प्रचण्ड हेडक्वाटरको योजनाअनुसार मतपत्र च्यात्ने काममा संलग्न दुई जनालाई एक एक लाख रुपैंया धरौटीमा छाडेर गलत नजिरलाई निरन्तरता दिन खोजिएको छ । जनताको अभिमत व्यक्त गरिएको मतपत्र च्यात्ने काममा संलग्नलाई कानुनअनुसार कारबाही गर्नुपर्नेमा धरौटीमा छाड्दै जाने हो भने दोस्रो चरणको निर्वाचनमा यसरी कति स्थानमा मतपत्र च्यातिन्छन् र त्यसको परिणाम झनै गलत हुन्छ भन्ने ख्याल गरेको देखिएको देखिएन । नेपाली कांग्रेस र माओवादी केन्द्रको गठबन्धन बनाएर चुनाव लडेको भरतपुरमा माओवादी केन्द्रकी उम्मेदवार रेणु दाहाललाई जसरी पनि जिताउने मनसायबाट गरिएको यो काण्डलाई धरौटीले संस्थागत गरेको छ । केहीले २० वर्षअघि बाग्लुङमा भएको यस्तै काण्डलाई देखाउँदै यसबाट उम्किने कोशिस गरेको देखियो । तर हामी गणतन्त्रमा प्रवेश गरिसकेको भन्न सबैभन्दा बढी रुचाउनेहरुबाट भएको यो तर्क जायज हुँन सक्दैन । किनकी जतिपटक व्यवस्था परिवर्तन भएपनि हामीले उस्तै कार्यशैलीलाई निरन्तरता दिने हो भने जुन तन्त्र आएपनि जनताले के पाउने र हामीले के सिकाउने भन्ने प्रश्न खडा हुन्छ ।

अर्कोतर्फ निर्वाचन आयोगले पुनः मतदान गर्न गरेको निर्णयको पनि आलोचना भएको छ । यो पनि गलत कोणबाट आइरहेको छ । पहिलो कुरा मतपत्र च्यात्नेमाथि कानुनी कारबाही र भविष्यमा ... बाँकी ७ पेजमा

## चितवनको माडीमा दुई बालिकाको बलात्कारपछि हत्या गरेको आशंका

**हत्याराको पहिचान गरी कडा कारबाही गर्न चौतर्फी दबाब**

चितवन । शनिबार माडीको रामराज्यपुर स्थित मजुवा सिंचाइ पोखरीमा मृत अवस्थामा भेटिएका दुई बालिका डुबेर नभएर बलात्कारपछि हत्या गरिएको आशंका गरिएको छ । माडी नगरपालिका वडा नम्बर ६ रामराज्यपुर स्थित मजुवा सिंचाइ पोखरीमा शनिबार विहान १० बजेको समयमा पिकनिक खान भनी घरबाट गएका बालबालिकाहरुमध्ये माया सुनारकी छोरी वर्ष १० की दिपिका सुनार र दिनेश परियारकी छोरी वर्ष ११ की दिपशिला परियारको दिउसो १ बजेको समयमा पोखरीमा मृत अवस्थामा फेला परेका थिए ।

... बाँकी ७ पेजमा



*हत्यारा पहिचान गरी कारबाहीको माग गर्दै धर्नामा बसेका अनेमसंघ (क्रान्तिकारी)का महासचिव अम्बिका मुडभरीलगायत महिलाहरु तथा अधिकारकर्मीहरु इन्सेटमा मृतक बालिका ।*

## डोटी घटनामा भारतलाई माफी मगाऊ : क्रान्तिकारी माओवादी

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले एक प्रेस वक्तव्य जारी गरी विना इजाजत वर्दीमा भारतीय प्रहरीका डीएसपी नागराजको टोली नेपाल प्रवेश गरी दीपायल सिलगडी नपा-८, लडागडाका लालबहादुर आउजीलाई अपहरण गरी लैजान खोजेको घटनालाई नेपाली सार्वभौमसत्तामाथि भारतले गरेको ठाडो हस्तक्षेपको रुपमा कडा विरोध एवम् तीव्र भर्त्सना गर्दै उक्त घटनामा भारतीय सरकारलाई माफी मगाउन नेपाल सरकारसँग जोडदार माग गरेको छ । ... बाँकी ७ पेजमा

भारतीय प्रहरीले बुधबार मध्यरातमा घरभित्र पसी, हातखुट्टा बाँधी मुखमा पट्टि बाँधेर आउजीलाई अपहरण गरी भारत लैजान खाजेका थिए । यस घटनाप्रति पार्टीको गम्भीर रुपमा ध्यानाकर्षण भएको भन्दै क्रान्तिकारी माओवादीले भारतको यस्तो नाङ्गो हस्तक्षेप र ज्यादतीका विरुद्ध आवाज उठाउँदै दोषीउपर कडा कारबाही गर्नुको सट्टा सरकारको निर्देशनमा नेपाल प्रहरी प्रशासनको नियन्त्रमा रहेका भारतीय प्रहरीका डीएसपी नागराजसहितको टोलीलाई जनताको सूचनाको हकलाई कुण्ठित गरी गुपचुप रुपमा सिमामा पुऱ्याएर भारतीय पक्षलाई जिम्मा लगाएको घटनाले वर्तमान सरकारको लम्पसारवादी चरित्रलाई अझ उदाङ्गो पारिदिएको जनाएको छ ।

क्रान्तिकारी माओवादीका प्रवक्ता हरिभक्त कँडेलको हस्ताक्षरमा जारी वक्तव्यमा भनिएको छ, 'भारतीय पक्षबाट नेपालको सार्वभौमिकतामाथि पटक पटक हुने गरेका यस्ता हस्तक्षेपकारी घटनामा भारतीय सरकारलाई सार्वजनिक रुपमा माफी मगाउन नेपाल सरकारले तत्काल पहल अगाडि बढाओस, हाम्रो पार्टी जोडदार माग गर्दछ ।'

वक्तव्यमा एउटा सार्वभौम मुलुकमाथि पटक पटक हुँदै आइरहेका भारतीय हस्तक्षेप र ज्यादतीका विरुद्ध डटेर प्रतिरोध गर्न स्वाभिमानी नेपाली नागरिकसँग जोडदार आव्हान गरिएको छ भने भारतीय सत्तासिन वर्गसँग लम्पसार वर्तमान कठ्पुतली दलाल सरकारको राष्ट्रघाती चरित्रका विरुद्ध पनि जोडदार आवाज बुलन्द गर्न हार्दिक अपिल समेत गरेको छ ।

## काबुलमा आत्मघाती हमलामा ९० मारिए

# पाँच नेपालीसहित ४ सय बढी घाइते



एजेन्सी । अफगानिस्तानको राजधानी काबुलमा रहेको कूटनीतिक क्षेत्रमा बुधबार भएको शक्तिशाली बम आक्रमणमा परी ९० जना मारिएका छन् भने अन्य ४ सय भन्दा बढी घाइते भएका छन् । विभिन्न देशका दुतावासहरु रहेको सो क्षेत्रको जानबाक स्क्वायर नजिकै शक्तिशाली ट्रक बम हमला भएको हो ।

राजधानी काबुलमा भएको यो विस्फोट अहिलेसम्मको ठूलो विस्फोट भएको अधिकारीहरुको भनाई छ । आक्रमणकारीले सो क्षेत्रमा ट्यांकर विस्फोट गराउँदा सो क्षेत्रमा रहेका रहेका रेष्टुरेन्ट, सरकारी कार्यालय र विभिन्न देशका दूतावासहरुका ... बाँकी ७ पेजमा

## लोकतान्त्रिक गणतन्त्र स्थापनाका नौ वर्ष -एक अध्ययन

**राज्य सत्ताको बागडोर कहिले सामन्त वर्गका हातमा त कहिले साम्राज्यवाद, पूँजीवाद तथा विस्तारवादका दलालहरको हातमा निहित छ । जसका कारण शोषक वर्ग र शोषित वर्गका बिचको असमानताको खाडल अत्यन्तै नराम्रोसँग चर्कदै गएको छ ।**



● दिनेश शर्मा

मानव समाजमा जब वर्गको उत्पत्ति भयो तव देखि नै दुईवटा वर्गका बिचमा निरन्तर रुपमा कुनै न कुनै तवरबाट संघर्ष हुदै आएको छ । समाजमा हुदै आएका वर्ग संघर्षहरुमा भौतिक उपस्थितिका हिसाबले मुख्य भुमिका जनताको हुन्छ । ता पनि वर्ग संघर्षमा त्यसको दार्शनिक पक्ष राजनीतिक पक्ष के हुने र वर्ग संघर्षको समापन कहाँ लगेर गर्ने, तत्पश्चात राज्य सत्ता कस्को हातमा अथवा कुन वर्गको हातमा निहित रहने, राज्य सत्ताको स्वरुप कस्तो हुने भन्ने प्रश्नमा राज नेताहरुको भुमिका अहम हुन्छ । यो वा त्यो नाममा जब राज्य सत्ताको बागडोर सामन्त, पूँजीपति वर्ग वा त्यसका दलालहरुको हातमा निहित रहने गरी जब वर्ग संघर्षको समापन गरिन्छ तबसम्म त्यो वर्ग संघर्ष समापन हुदैन । मानव इतिहासमा आजसम्म त्यो भएको पनि छैन । वर्ग संघर्ष त्यति बेला मात्र समाधानको दिशामा अगाडि बढ्छ जतिवेला वर्ग संघर्षको उत्कर्षले शोषणमुलक राज्य व्यवस्थाको स्थापना शोषण रहीत राज्य सत्ताको स्थापनासँगै उक्त राज्य सत्ताको बागडोर अथवा सत्ताको मालिक सर्वहारा वर्ग बन्न पुग्दछ । यो सत्यतालाई छोप्नका खातिर एकातिर उत्पीडित वर्गका वर्ग दुश्मन वर्ग संघर्षलाई बिचैमा समाप्त बनाउन राज्य सत्ताको तागत लगाएर साम, दाम, दण्ड, भेदका सबै प्रकारका हर्कतहरु प्रयोग गरी रहेका छन् भने स्वयम उत्पीडित वर्ग भित्रैबाट जन्मेका कयौं नेताहरु आफ्नो व्यक्तिगत स्वार्थ पुरा गर्न र सुविधाको उपयोग गर्नका निमित्त वर्गीय दृष्टिकोण बदलेर तिनै शोषक वर्गको सेवा गर्न तल्लीन बनेका छन् । संसार भरी चलेका वर्ग संघर्षमा सबैभन्दा बढी क्षति यही अवसरवादी तत्काको घुसपैठ र गद्दारीका कारण हुदै आएको तितो यथार्थ हाम्रा सामु जग जाहेर नै छ ।

विश्वको मानचित्रमा रहेको नेपाल यिनै पृष्ठभूमिबाट अछुतो रहने प्रश्नै भएन । बाईसे, चौबिसे राज्य हुँदा होस् या एकीकृत र केन्द्रीकृत राज्यको निर्माण पश्चात आजसम्म पनि कतिपय समय वर्ग संघर्ष उच्चमा त कतिपय समय वर्ग संघर्ष निम्न सारबाट चलिरहेकै छ । किनकी राज्य सत्ताको बागडोर कहिले सामन्त वर्गका हातमा त कहिले साम्राज्यवाद, पूँजीवाद तथा विस्तारवादका दलालहरको हातमा निहित छ । जसका कारण शोषक वर्ग र शोषित वर्गका बिचको असमानताको खाडल अत्यन्तै नराम्रोसँग चर्कदै गएको छ । त्यतिमात्र होइन अहिलेको विश्वमा हाम्रो जस्तो अविकसित अवस्थामा अत्यन्तै नराम्रोसँग जकडिएको राष्ट्रको राष्ट्रिय स्वाधिनता माथि नै साम्राज्यवादीहरु मुख्यतः भारतीय विस्तारवादीहरुका दाह्रा नङ्ग्रा अत्यन्तै नराम्रो सँग गाडिएका छन् । त्यसलाई भत्काउन नसक्दा सम्म राज्यको उत्पीडन मात्र होइन, राष्ट्रिय स्वाधिनता नै ... बाँकी ७ पेजमा

## सम्पादकीय

# अब जनताको गणतन्त्रका लागि संघर्ष

०७४ जेठ १५ गते नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएको नौ वर्ष पूरा भएको छ । तत्कालीन महान दशवर्षे जनयुद्ध र त्यसको आधारभूमिमा भएको १९ दिने जनआन्दोन, मधेस तथा जनजाति आन्दोलनको तागतमा भएको संविधानसभाको निर्वाचनबाट गठित संविधानसभाको पहिलो बैठकले २०६५ जेठ १५ गते नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गरेको थियो । तर ती युद्ध र आन्दोलनको वास्तविक जनादेश भने मुलुकमा वास्तविक अर्थमा जनताको संघीय गणतन्त्र स्थापनाका निम्ति थियो । तर यसको ठीक उल्टो लोकतान्त्रिक गणतन्त्र अहिले नोकरशाही दलाल पुँजीवादीहरुको हातमा पुगेको छ । र, जनताका लागि लोकतान्त्रिक गणतन्त्र आकाशको फलझैं हुन पुगेको छ भने मुठ्ठिभर अभिजात वर्गका निम्ति लुटको स्वर्ग ।

जुन व्यवस्थाका विरुद्ध दशवर्षे जनयुद्ध र आन्दोलनमा नेपाली श्रमजीवि, शोषित उत्पीडित वर्गका सर्वोत्तम छोराछोरीहरुले अमूल्य जीवनको बलिदान गरे, वीरता र बलिदानका अद्वितीय कीर्तिमानहरु कायम गरे, आज त्यही व्यवस्था, त्यही प्रवृत्ति, सत्ता र संविधान मुलुकमाथि थोपरिएको छ । त्यो पनि विगतमा जनयुद्ध र आन्दोलनको नेतृत्व गर्नेहरुकै नेतृत्वमा । यहाँ भन्दा ठूलो विडम्बना के हुन सक्छ ? जनताको नजरमा एउटै व्यक्ति युद्ध र आन्दोलनको कालखण्डमा नायक थियो भने अहिले खलनायक बन्न पुगेको छ । हिजोको नाराणहिटी दरबारको भूमिकामा अहिले दिल्ली दरबार अगाडि आएको छ । यहाँका नयाँ र पुराना संसदवादी राजनीतिक पार्टीका नेताहरु दिल्ली दरबारको खेलौनामा परिणत भएका छन् । उनीहरुलाई दिल्ली दरबारले आफ्नो स्वार्थ अनुसार खेलाइरहेको छ । उनीहरु दिल्ली दरबारका शासकहरुको इशारामा नाचीरहेका छन् । यसको अर्थ संघीय लोकतान्त्रिक गणतन्त्र दिल्लीको खेलौनामा परिणत हुन पुगेको छ ।

राष्ट्रियता सन्दर्भमा जनता वैदेशिक हस्तक्षेप (मुख्यतः भारतीय हस्तक्षेप)बाट स्वतन्त्र, सार्वभौम र आत्मनिर्भर राष्ट्र निर्माण गर्न चाहन्थे । जनतन्त्रको सन्दर्भमा जनता उत्पीडत जातिहरुको पहिचानमा आधारित जनताको संघीय गणतन्त्र स्थापना गर्न चाहन्थे । जनजीविकाको क्षेत्रमा महंगी, कालोबजारी, बेरोजगारी, भ्रष्टाचार, कमिसनरहित न्याय र समानतामा आधारित भएर शिक्षा, स्वाथ्य, खानेपानी, खाद्यसम्प्रभूतालगायत आधारभूत आवश्यकताको हल दिने परिपाटी भएको समाज निर्माण गर्न चाहन्थे । यही जनचाहना युद्ध र आन्दोलनमार्फत् अभिव्यक्त भएको थियो । तर त्यो युद्ध र आन्दोलनको नेतृत्व गर्ने दल र दलका नेताहरुले गरेको गद्दारीका कारण समाज रुपान्तरणको त्यो महान अभियान यतिखेर अबरुद्ध अवस्थामा छ । हिजो आमूल परिवर्तनको मुद्दा बोकेर हिंडेका क्रान्तिकारी भनाउने व्यक्तिहरु आज वर्तमान संसदीय व्यवस्थाभित्र हुने वा गरिने स-साना सुधारात्मक कार्यहरुमा रमाउन र गर्व गर्न पुगेको देखिन्छ ।

पहिलो संविधानसभाबाट प्रगतिशिल संविधान बन्ने देखेपछि देशी विदेशी शक्तिहरुले संविधान बन्न नदिन अनेकन जालझेल षड्यन्त्र गरे र जनयुद्धकै नेतृत्व गरेर आएका एकजना नेता बाबुराम भट्टराईमार्फत् संविधानसभाकै विघटन गराइयो । पार्टीका एजेण्डा परित्याग गरेर प्रचण्ड-बाबुरामले दिल्ली दरबारका एजेण्डा बोक्न थालेपछि जनयुद्ध लडेर आएको तत्कालीन एमाओवादीभित्र चलेको दुईलाइन संघर्ष अन्ततः फुटमा परिणत भयो । जनयुद्धका एजेण्डासहित ठूलो हिस्साले नेकपा-माओवादी पुनर्गठन गरेपछि दोस्रो संविधानसभाको निर्वाचन दिल्ली र उसका दलालहरुको डिजाइनमा हुने देखिएपछि त्यसलाई बहिस्कार गऱ्यो मोहन वैद्य'किरण' नेतृत्वको नेकपा-माओवादीले । किरणहरुले भनेजस्तै संविधानसभाको दोस्रो निर्वाचनले दिल्लीलाई रिझाउने गरी नोकरशाही पुँजीपति दलाल वर्गको स्वार्थ रक्षा गर्ने खालको संविधान जारी गरियो । त्यतिले नभएर अहिले संशोधन गरी संविधानलाई अझ दिल्लीकरण गरिदैछ । दिल्ली दरबारकै डिजाइनमा मुलुकमा स्थानीय निर्वाचनको चुनाव दुई प्रधानमन्त्रीले दुई चरणमा गर्दैछन्- कहिं नभएको जात्रा हाँडीगाउँमा भनेजस्तै ।

लोकतान्त्रिक गणतन्त्रको नौ वर्षमा गणतन्त्रको वास्तविक अनुभूति गर्न नपाएका जनताले वर्तमान संसदीय व्यवस्था, सत्ता र संविधानको विकल्प खोजिरहेका छन् । खाक्रो, आडम्बरपूर्ण, पाखण्डपूर्व र कर्मकाण्डी खालको गणतन्त्रभन्दा पनि वास्तविक अर्थमा जनतालाई अधिकारसम्पन्न बनाउने 'जनताको संघीय गणतन्त्र"को एजेण्डातर्फ आकर्षित हुँदै गएका छन् । मुलुकमा भएका राजनीतिक पार्टीहरुमध्ये यो ऐजण्डालाई मुख्य बनाएर अगाडि बढिरहेको राजनीतिक पार्टी भनेको मोहन वैद्य"किरण" नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) नै हो । यही राजनीतिक रणनीति प्राप्त गर्नका निम्ति उसले स्थानीय तहको ' निर्वाचनको क्रान्तिकारी उपयोग' गरिरहेको छ । निर्वाचनको क्रान्तिकारी उपयोगको नीतिबाट क्रान्तिकारी माओवादीले अहिलेको प्रतिक्रियावादी व्यवस्था, सत्ता र संविधानको भण्डाफोर र पार्टीको संगठन विस्तारको आधार निर्माणलाई तीव्रता दिइरहेको छ । अब संघीय लोकतान्त्रिक गणतन्त्रलाई उत्पीडित जनताहरुको पहिचानमा आधारित जनताको संघीय गणन्त्रले विस्थापित गर्नु र गराउनुको विकल्प छैन ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं।
www.moolbato.com

# के चुनावको क्रान्तिकारी उपयोग गर्नु संसदवादी हुनु हो ?



● पवनमान श्रेष्ठ ●

क्रान्तिकारी कम्युनिष्ट पार्टीका लागि चुनाव कार्यनैतिक सवाल हो र कार्यनीति परिस्थिति अनुसार चौबिस घण्टामा फेर्न सकिने हुन्छ । नेपालमा स्थानीय तहको पहिलो चरणको निर्वाचन यहि बैशाख ३१ गते सम्पन्न भएको छ । नेकपा (क्रान्तिकारी माओवादी) ले आफ्नो संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा मार्फत स्थानीय चुनावको क्रान्तिकारी उपयोग गर्ने नीति अन्तर्गत चुनावमा सहभागी भएको छ । क्रान्तिकारी चुनावको उपयोग गर्ने नीति अनुसारको सहभागीतालाई लिएर संसदवादी पार्टी विशेष गरी माओवादी केन्द्र र बहिष्कारवादी पार्टी क.विप्लवले नेतृत्व गरेको नेकपाले नेकपा (क्रान्तिकारी माओवादी) पनि अन्ततः संसदवादी पार्टी भएको भन्ने प्रचारमा लागेका छन् । हुन त क्रान्तिकारी उपयोग भन्ने वित्तिकै संसदवादी पार्टीको चुनावी उद्देश्य र लक्ष्यभन्दा नितान्त भिन्न र संसदवाद र प्रतिक्रियावादी सत्ताको भण्डाफोर गर्ने भन्ने अर्थ लाग्छ । तर ती दुवै पार्टीहरुको आशय फरक फरक रहे तापनि उद्देश्य भने एउटै रहेको देखिन्छ । माकेहरु आखिरमा चुनावमा सहभागी भएपछि क्रान्तिकारी माओवादी पार्टी पनि माकेकै बाटोमा आइ पुगेकोले पार्टी एकता छिट्टै गर्नु पर्ने वा कार्यकर्ताहरु माकेमा प्रवेश गर्नु पर्ने तर्क छ भने बहिष्कारवादी विप्लव पार्टी पनि क्रान्तिकारी माओवादी आखिरमा चुनावमा सहभागी भएर संसदवादमा फसेकोले कार्यकर्ताहरु विप्लवको पार्टीमा प्रवेश गर्नु पर्ने तर्क छन् । यी दुवै तर्कहरु अन्धाले हात्ती छामे जस्तै तर्कहरु हुन् । यी तर्कहरुले महान् नेता क. लेनिन सबैभन्दा ठूलो संसदवादी हुन पुग्छन्, किनभने क. लेनिनले १९०७ को दुमा चुनावमा क्रान्तिकारी उपयोग गर्नु भएको थियो ।

वास्तवमा पूँजीवादलाई संस्थागत गर्न पूँजीपतिहरुले प्रयोगमा ल्याएको शासन प्रणाली संसदीय व्यवस्था हो । यो व्यवस्थाले समाजको सानो हिस्सा पूँजीपतिहरुको पूँजीवादी अधिनायकत्व स्थापित गर्नु रहेको हुन्छ । देखावटी रुपमा समानता, स्वतन्त्रता र भातृत्वको कुरा गरे तापनि मुठ्ठीभर पूँजीपतिहरुको हित विपरित नजाँदासम्मका लागि यी कुराहरु लागू हुन्छन् । त्यसैले संसदीय व्यवस्थालाई लागू गर्नु र सुदृढ बनाउनु संसदीय पार्टीहरुको धर्म हुन जान्छ । यसरी मात्र पूँजीवाद र पूँजीपतिहरुको सेवा गर्न सकिने हुन्छ । त्यसैले सबै पूँजीवादीहरु र यिनका दासहरुको धर्म यसैमा अर्न्तनिहित रहेको हुन्छ । आफूलाई कम्युनिष्ट भन्ने तर सासै पिच्छे व्यवहारत संसदवादमा चुर्लुम्म डुब्न रमाउनेहरु यात ती पूँजीपति वर्गमा रुपान्तरण भए अथवा तिनका दास भइ सकेको निष्कर्ष निस्कन्छ । नेपाल जस्तो अर्धसामन्ती र नवऔपनिवेशिक मुलुकमा आज सामन्तवाद कमजोर हुँदै गएको र दलाल तथा नोकरशाही पूँजीपतिहरुको वर्चस्व बढ्दै गएको अवस्थामा संसदवादको सेवा गर्नु भनेको दलाल पूँजीपति वर्ग, विस्तारवाद र साम्राज्यवादको सेवा गर्नु हो र तिनको दास बन्नु हो । नेपालको सन्दर्भमा यस कोटीमा आफूलाई कम्युनिष्ट भनिएका एमाले र माके पर्दछन् । यी पार्टीहरुले ०७२ को कालो संविधानलाई विश्वकै उत्कृष्ट संविधान भन्छन् र यसलाई लागू गर्न तथा संसदीय व्यवस्थालाई सुदृढ बनाउन आफ्नो सम्पूर्ण ताकत लगाउँदै आएका छन् । नेपालको क्रान्तिमाथि यी पार्टीहरुले धोखा र गद्दारी गर्दै प्रतिक्रियावादको सेवा गर्दै आएका छन्, कम्युनिष्ट शब्दलाई वदनाम र जनतामा व्यापक रुपमा भ्रम छर्ने काम हुँदै आएको छ ।

संसदीय व्यवस्थाभित्र हुने चुनावलाई क्रान्तिकारी उपयोग गर्ने नीति संसदीय व्यवस्थाको प्रतिक्रियावादी सार (संसदवाद) र प्रतिक्रियावादी सत्ताको भण्डाफोर गर्दै संसदीय व्यवस्थाको विकल्प नयाँ जनवादी क्रान्तिमार्फत संघीय जनगणतन्त्रात्मक व्यवस्था स्थापना गर्नु पर्ने कुराको औचित्य पुष्टि गर्नु हो । यो कुरा जुनसुकै बेला पनि गर्न सकिन्छ तर प्रतिक्रियावादी पार्टीहरुले चुनावको नाउँमा जस्तो वातावरण तयार गरेको अवस्था हुन्छ र कम्युनिष्ट क्रान्तिकारीहरु तुलनात्मक रुपमा कमजोर रहेको अवस्थामा यस्तो वातावरणलाई चिर्न गाह्रो हुन्छ । यसले गर्दा जनताको ध्यान स्वभाविक रुपमा चुनावतिर आकर्षित हुन्छ । यस्तो वेला चुनावमार्फत नै संसदीय व्यवस्था र चुनावको भण्डाफोर, संसदीय पार्टीहरुका कर्तुतहरुको भण्डाफोर र यसको ठाउँमा क्रान्तिकारी विकल्प प्रस्तुत गर्नु तुलनात्मक रुपमा सहज नै हुन्छ । त्यसैले यस्तो अवस्थामा चुनावको क्रान्तिकारी उपयोग गरिन्छ ।

चुनाव उपयोग वा वहिष्कार गर्ने भन्ने कुरा परिस्थितिमा निर्भर रहने कुरा हो । चुनाव उपयोग गरेर वा बहिष्कार गरेर मात्रै कुनै पार्टी निरपेक्ष रुपमा क्रान्तिकारी वा गैर क्रान्तिकारी हुँदैन । क्रान्ति सम्पन्न गर्ने रणनीतिलाई तत्कालीन वस्तुगत र आत्मगत परि स्थितिमा बहिष्कार गरेर फाइदा हुन्छ भने चुनाव बहिष्कार गर्नु क्रान्तिकारी कार्यनीति हुन्छ र बहिष्कारले जनताको ध्यान आकृष्ट गर्ने तथा आन्दोलनलाई एउटा उचाई प्रदान गर्दछ । यस्तो बेला चुनाव भए पनि एक प्रकारले नामको मात्र हुनेछ । यदि तत्कालीन वस्तुगत र आत्मगत परिस्थितिमा चुनाव उपयोग गरेर क्रान्तिको रणनीतिलाई सहयोग गर्छ भने चुनावको उपयोग गर्नु क्रान्तिकारी कार्यनीति हुनेछ र यसले पार्टीलाई जनता बीचमा पुऱ्याउने, पार्टीको नीति जनतामा तुलनात्मक रुपमा सहज ढंगले पुग्ने स्थिति बन्दछ । यसले संगठन विस्तार तथा सुदृढ बनाउने वातावरण निर्माण गर्दछ ।

नेपालमा चुनाव उपयोगको नाममा हरेक चुनावमा भाग लिइरहने तर क्रान्तिको तयारीमा सिन्को पनि नभाँची यथास्थितिमा रमाइरहने प्रवृति पनि हाबी छ । त्यसैले चुनाव उपयोग गर्नेहरुले यसमा भने सतर्क रहनु पर्छ । अर्को थरी चुनाव बहिस्कार गर्दा क्रान्तिकारी भइने बुझाई छ र जस्तोसुकै वस्तुगत तथा आत्मगत परिस्थिति भए पनि चुनाव बहिस्कार गर्नु आफ्नो धर्म भएको ठान्दछ । यसले पनि क्रान्ति सम्पन्न गर्ने रणनीतिलाई हानी गर्छ ।

नेकपा (क्रान्तिकारी माओवादी) को विस्तारित बैठकले स्थानीय तहको चुनावको क्रान्तिकारी उपयोग गर्ने निर्णय गरेको थियो । चुनाव उपयोग गर्नु पर्ने कारणका पछाडि निम्न कारणहरु उल्लेख गरिएका छन् :

- संक्रमणकालीन अवस्थाको अन्त्य भएको
- जनयुद्ध तथा क्रान्तिले गम्भीर धक्का खाएको
- प्रतिक्रियाको काल शुरु भएको र क्रान्तिकारी पार्टीको आत्मगत स्थिति कमजोर रहेको
- अहिलेको अवस्था उभारको स्थितिमा नरहेको
- जनताको एउटा हिस्सामा चुनाव प्रति चासो बढेको
- स्थानीय निर्वाचन जनताका अत्यावश्यक तथा दैनिक कामहरुको व्यवस्थापनसित जोडिएको
- क्रान्तिको तयारीका लागि जनआधार तयार पार्न तथा जनताका बीचमा संगठन विस्तार गर्न आवश्यक बन्न गएको
- पश्चागामी सत्ता तथा व्यवस्थाको विरोध एवम् भण्डाफोर गर्ने उपयुक्त माध्यम हुने भएको

यी कारणहरुले गर्दा चुनावको क्रान्तिकारी उपयोग गर्नु पर्ने तर उपयोग सिधै पार्टी मार्फत नगरी पार्टीको संयुक्त मोर्चा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल (देजमो) मार्फत गर्ने निर्णय लिएको छ किनभने क्रान्ति सम्पन्न गर्नु पर्ने पार्टी प्रतिक्रियावादी सत्ताको निर्वाचन आयोगमा दर्ता गर्नु पार्टीलाई क्रान्तिको बाटोमा अगाडि बढ्ने कामलाई रोक्ने कदम हुन्छ । त्यसैले पहिलो चरणको चुनावको उपयोग देजमो मार्फत भएको छ ।

चुनावको क्रान्तिकारी उपयोग गर्न पार्टीले कालो संविधान, संसदीय व्यवस्था, प्रतिक्रियावादी राज्यसत्ता र देशलाई दुर्गतिको यो हालतमा पुऱ्याउने प्रतिक्रियावादी र प्रतिक्रियावादी उन्मुख पार्टीहरु काँग्रेस, एमाले, माके र राप्रपाहरुको कर्तुतहरुको भण्डाफोर गर्ने र प्रतिक्रियावादी संसदीय व्यवस्थाको विकल्पमा संघीय जनगणतन्त्रात्मक व्यवस्थाको अपरिहार्यताको पुष्टि गर्ने, चुनावमा विजय प्राप्त भएमा पनि यसलाई भित्रबाट ... बाँकी ७ पेजमा

झर्रोटर्रो

कैलुब्राह

# गणतन्त्र र मानपदवी

जेठ १५ गते राज्यले धुमधडकासँग गणतन्त्र दिवस मनायो । यो गणतन्त्र राज्यमा बसेर राज्यको ढुकुटी डकारेर ढाडिएकाहरूको मात्र भएकाले मनाउने कुरा पनि उनिहरूकै जिम्मा भयो । रैति मनुवाहरूका लागि यो गणतन्त्र कौवालाई बेलजस्तै हो । तातो न छारो । त्यहि भएर यो गणतन्त्र राजधानीको टुँडिखेलमा रैतिहरूलाई भित्र पस्नै नदिएर मनाइन्छ । त्यहाँ सरकारी लाउके दलका लाउकेहरू, तिनका भारदार र विशिष्ट श्रेणीका कारिन्दाहरूको उपस्थितिमा सरकार र लाउकेहरूको सुरक्षर्थ तैनाथ हनुमानहरूको झिलिमिलि खेल प्रदर्शन गरेर मनाइन्छ । रैति मनुवाहरूलाई त अझै पनि गनतन्त्र नै छ । मार्क्स बुढाले त उहिल्यै भनेका हुन्, व्यवस्था भनेका दुइटा हुन्छन् । एउटा ठालूको अर्को रैतिको । अहिलेको व्यवस्था ठालूको हो । त्यसैले दिवस मनाउने र मानपदवी बाँड्ने अधिकार पनि उनीहरूमा नै सुरक्षित र निहीत छ । आफूमा सुरक्षित भएको अधिकार आफूले आफ्नै लीग प्रयोग गर्नु सोह्रैआना मुनासिव कुरा भइहाल्यो । त्यसमा अरूले चित्त दुखाएर दुःख मनाउ गर्नु जरुरी छैन । सातसमुन्द्र पारी घाम अस्ताउने देशका लिङ्कन नामका कुइरे राष्ट्रपतिले प्रजातन्त्रको परिभाषा गर्दा भनेका थिए - 'प्रजातन्त्र जनताको जनताले जनतालाई शाषन गर्ने व्यवस्था हो' । अहिले प्रजातन्त्रले गणतन्त्रमा फड्को मारेपछि यसको परिभाषा पनि बदलिएको छ । ' गणतन्त्र ठालु नेताको ठालु नेताले रैतिलाई लुट्ने व्यवस्था हो' ।

हामी रैति मनुवाहरू पनि त अझै भेडा बाख्रा भन्दा माथि उठ्न सकेका रहेनछौं । दिब्य दश वर्षसम्म त्यत्रो जनयुद्ध भयो । त्यस अघिपछि बेलाबखत कयौँचोटी जनआन्दोलन त कति भए कति । अब त रैतिहरूको बुद्धिको विर्को खुल्यो होला भनेको त बाह्र वर्षसम्म ढुङ्ग्रामा हालेको कुकुरको पुच्छर जस्तै पो रहेछ । त्यो कुरा त गाउँले मुखियाको चुनाउले देखाइ हाल्यो । दिनभरि एउटाको प्रचारमा हिँडेको ज्यान रातभर ब्रोइलर र सोमरसमा डुबेर भोलिपल्ट त अर्कैलाई पो भोट हाल्छ बा । भएन फसाद । काम नपाएर लखर लखर डुलि हिँड्ने ठिटाठिटीहरूलाई बाइकमा पेट्रोल भरिदियो, जेब गरम गरिदयो र होटेल फ्रि गरिदिएपछि नेताका अघिपछि लाग्ने कति हुन् कति । पाखुरा बटार्दै बाटाघाटै विपक्षी पार्टीका मनुवाहरूलाई निमोठ्दै हिँडिहाल्छन् । जुन दलको ठूलो हुल देख्छन् घरमा बसेका बुढाबुढीहरूले त्यसैको चुनाउ चिन्हमा छाप धस्काइदिन्छन् । तिनलाई को राम्रो को नराम्रो ? के मतलव ? 'जस्ले दिन्छ मानो उसको सुनको छानो' भन्दै भैली खेल्न थालिहाल्छौँ । जस्को शक्ति उसैको भक्ति । यस्ता छौँ यो मण्डलका हामी रैति मनुवाहरू । आजै जेब र पेट गरम गर्न पाए भोली आउने व्यवस्था भनेर नाराको पछि को दौडिन्छ । भोट किन्न आउनेलाई पो बेच्ने हो, माग्न आउनेलाई किन दिने ? त्यहि भएर पनि ठालू दलका लाउकेहरूले हामीमाथी राइँदाइँ मच्चाएकै छन् । हामीलाई केको गणतन्त्र ? गनतन्त्रै भए पुग्ने रहेछ ।

यो गणतन्त्र त सरकारी दलका लाउकेहरूकै हो । एकथर बासी अर्काथर साजी । बासी र साजी दुबैथर आखिरमा सरकारी नै परे । चर्खे पिङको पिर्का जस्तै हुन् कुकुरको मासु बेच्ने पसलमा छिरेका दलहरू । आलो पालो गरेर सरकारी कुँडो हसुरेकै छन् । गणतन्त्रको मोज र भोज पनि यिनैलाई छ । गणतन्त्रको मानपदवी र अलङ्कार पनि यिनैले बाँडिचुँडी लिन्छन् । मानपदवी लिने र दिने पनि गजबको काइदा रहेछ । मानपदवी पाउने सामजसेवीको समाजसेवा गर्ने काइदा पनि गजबकै रहेछ । तीनवटी स्वास्नी खेरेको हुनुपर्ने, भाङ धतुरो र सोमरसले लट्ठीएर बाटामा ढलेर पुलिसले उठाएर घरमा पुऱ्याइदिएको हुनुपर्ने । पुराना दुईवटी सवास्नीलाई अलपत्र पारेर कसैलाई डिभोर्स गरिदिने र कसैलाई अलपत्र नै छोडिदिनु पर्ने । त्यस्ता मनुवा अब्बल दर्जाका समाजसेवी हुँदा रहेछन् । सरकारी दलका लाउकेहरूका छोराछोरी, सालासाली, स्वास्नी, सासूससुरा, मामामाइजू, दिदीभिनाजु, सम्धीसम्धिना, भदाभदै, ज्वाइँ, भान्जाभान्जी आदि कोही न कोही भए गणतन्त्रको मानपदवी पक्का भयो । यिनीहरू मानपदवी पाउने पहिलो दर्जाका समाजसेवी हुन् । सरकारी दलका लाउकेहरूलाई बेलाबखत मोटो रकम हातमा थमाएर रङ्गीविरङ्गी खादा, बुकी लिएर दर्शनभेट गर्ने र क्वीन्टलका मालाको व्यवस्था गर्ने सेवकहरू दोस्रो दर्जाका परे । नेताका अघिपछि लाग्ने र उनलाई भगवान मानेर पूजा गर्दै तिनको भजनकिर्तन गाउँदै हिँड्ने दलका कार्यकर्ता पनि मानपदवी पाउन छनोटमा पर्ने तेस्रो दर्जाका समाजसेवी परे । यसरी तीन किसिमले छनोट गरेर सरकारले राष्ट्रपति महोदयलाई मानपदवी दिन शिफारिस गर्छ । यस्तो छ गणतन्त्र मनाउने र मानपदवी बाँड्ने नेपाल मण्डलको सरकारी काइदा । सबैलाई चेतना भया ।

१९ जेठ २०७४

kailubraha73@gmail.com

# विप्लवजीहरुले गरेको निर्वाचन बहिस्कार 'अवसरवादी बहिस्कार' हो



❑ **हरिभक्त कँडेल**, प्रवक्ता- नेकपा (क्रान्तिकारी माओवादी)

> माकेले माओवादीको नाममा वास्तविक माओवादीहरूकै घाँटी निमोठ्ने दुस्प्रयास गरिरहेको छ ।

**पहिलो चरणको निर्वाचन पछि बसेको नेकपा (क्रान्तिकारी माओवादी)को कार्यालय बैठकमा के के विषयमा छलफल भयो ?**

स्थानीय तह निर्वाचनको क्रान्तिकारी उपयोग गर्ने जुन पार्टीले लिएको नीति छ, त्यो सही छ । वर्तमान प्रतिक्रियावादी संसदीय व्यवस्था र पश्चगामी संविधानको भण्डाफोर र पार्टी तथा मोर्चाको संगठन विस्तारको आधार निर्माण गर्ने जुन उद्देश्य लिइएको थियो, मूलरुपमा त्यसमा सफल भएका छौं । केही हाम्रा सीमा तथा कमजोरीका बाबजुद वैचारिक तथा राजनीतिक रुपमा हामी विजयी भएका छौं । जनताबीचमा हाम्रो पार्टी, मोर्चाप्रति रहेका भ्रमहरु चिर्दै पार्टीले लिएका नीतिलाई जनताबीचमा पुऱ्याउन सफल भएका छौं । यही स्पिरिटमा कार्यालय बैठकमा छलफल चल्यो ।

क्रान्तिकारी उपयोग सबैभन्दा अप्ठ्यारो रहेछ भन्ने पनि अनुभूति गरियो । अहिलेको समसामयिक राजनीतिक अवस्थामा संसदवादी राजनीतिक पार्टीहरुले जसरी अराजनीतिक, अनैतिक ढंगले मूल्यहीन राजनीतिक अभ्यास गरिरहेका छन्, एकले अर्कोलाई उपयोग गर्ने नीति र उपभोक्तावादी नीतिका पसल थाप्ने काम भएको छ, त्यसको भीडमा हामी भिन्दै धातुले बनेका मान्छे हौ भन्ने हामीले स्थापित गराउन सक्यौं । वर्गप्रति इमान्दार र सिद्धान्तप्रति निष्ठावान राजनीतिको हामी रोलमोडल बनेका छौं ।

चुनावी परिणाम अनुसार हाम्रो भौतिक उपस्थिति कमजोर रह्यो । यसो हुनुका धेरै कारणहरु छन् । मुख्यगरी कांग्रेस, एमाले र माके, त्यसमा पनि सरकारले हाम्रा विरुद्धको षड्यन्त्रपूर्वक चालेको कदम र प्रदर्शन गरेको निरंकुशताले नकारात्मक रुपमा ठूलो भूमिका खेल्यो । चुनाव चिन्ह नदिइदा जनतामा हाम्रा उम्मेदवारहरु स्वतन्त्र हैसियतमा चुनाव लड्न बाध्य भए । उम्मेदवारी मनोनयनपछि पाएको चुनाव चिन्हको मददाताबीचमा प्रचार नै गर्न पाइएन । हाम्रा थुप्रै मतदाताहरुको मतदाता नामावलीमा नाम समावेश गराउने अवसर दिलाइएन । यति हुँदा हुँदै पनि हाम्रा उम्मेदवारहरुले पाएको जनमत र त्यसको गुणात्मकतालाई हेर्दा राम्रो सम्भावना देखिएको छ ।

> अहिले निर्वाचनको क्रान्तिकारी उपयोगको कार्यनीति नै सबभन्दा क्रान्तिकारी हो । क्रान्तिकारी उपयोग सबभन्दा राम्रो लेनिनले गर्नुभएको छ । दुमामा । हामीले त्यही शैली अपनाउन खोजेको हो ।

**प्रचण्ड नेतृत्वको सरकारले तपाईंहरुलाई दलीय चुनाव चिन्हमा निर्वाचनमा भाग लिनबाट बञ्चित गराउनुमा चाहिं कारण के देख्नुहुन्छ ?**

उनीहरुले गरेको व्यापक भ्रष्टाचार, कमिसन, तस्करी, अराजनीतिक चरित्रको प्रदर्शन, जनघात, राष्ट्रघातको जनताबीचमा भण्डाफोर हुने डरले उनीहरु डराएर यस्तो षड्यन्त्र गरेका हुन् । भारतीय विस्तारवादसँग प्रचण्ड नेतृत्वको सरकारले गरेको २५ बुँदे राष्ट्रघाती सम्झौताको हामीले व्यापक रुपमा भण्डाफोर गरेका थियौ, त्यसबाट उनीहरु अत्तालिएका थिए । जनताको बीचमा व्यापक मात्रामा जान्छ र हामी अझ नांगिन्छौं र त्यसले चुनावी परिणाममा असर पुऱ्याउँछ भन्ने उनीहरुलाई डर भयो । र, हामीमाथि निरंकुशता लाद्न पुगे । माकेले माओवादीको नाममा वास्तविक माओवादीहरुकै घाँटी निमोठ्ने दुस्प्रयास गरिरहेको छ ।

**पहिलो चरणको निर्वाचनको क्रान्तिकारी उपयोगको नीतिमा चाहिं कति हदसम्म सफल हुनु भयो ?**

केही सीमा, कमजोरीका बाबजुद मूलभूत रुपमा हामी सही छौं र सफल भएका छौं । लामो समयपछिको निर्वाचन भएकोले जनताको लागि स्थानीय चुनाव उत्सव जस्तै भएको थियो । समय अभावका कारण जनतामा हामीले राम्रो र प्रभावकारी हिसाबले हाम्रा कुरा लैजान सकेनौं ।

**विगतको भन्दा यसपटकको निर्वाचन उपयोग गर्दा केही फरक अनभुव हाँसिल भयो कि ?**

चौथो मसालदेखि मोटो, पातलो मसाल हुँदै अहिलेसम्म आउँदा थुप्रै बहिस्कार र उपयोगका अनुभवहरु हामीले हाँसिल गरेका छौं । दोस्रो संविधानसभाको चुनाव बहिस्कार र अहिलेको चुनावको उपयोगको सन्दर्भ धेरै फरक छ । अनुभवले के देखायो भने निर्वाचनको क्रान्तिकारी उपयोग बहिस्कार भन्दा जटिल प्रक्रिया हो । वैचारिक हिसाबले माथि नउठेका कार्यकर्ता र जनतामा पार्टीको नीति, योजना र कार्यक्रमभन्दा पनि जित-हार प्रधान हुने रहेछ । अहिलेको व्यवस्था, सत्ता र संविधानको विरुद्ध भण्डाफोर चलाउने पार्टी हाम्रो मात्रै भयो, निर्वाचनमा भाग लिएका अरु सबै यही व्यवस्था र संविधानका पक्षधर थिए । यस्तो अवस्थामा हामीले जित्ने भन्दा पनि उम्मेदवारी दिनु नै ठूलो कुरा थियो । तर उम्मेदवारी मात्रै होइन, दुई ठाउँमा त जित नै हासिल भएको छ ।

> अहिलेको व्यवस्था, सत्ता र संविधानको विरूद्ध भण्डाफोर चलाउने पार्टी हाम्रो मात्रै भयो, निर्वाचनमा भाग लिएका अरू सबै यही व्यवस्था र संविधानका पक्षधर थिए । यस्तो अवस्थामा हामीले जित्ने भन्दा पनि उम्मेदवारी दिनु नै ठूलो कुरा थियो । तर उम्मेदवारी मात्रै होइन, दुई ठाउँमा त जित नै हासिल भएको छ ।

**यो कार्यनीतिले क्रान्तिको लागि केही आधार तयार पार्न सक्यो ?**

देजमोको घोषणा पत्र, भण्डाफोर सभा, समाजिक संजाल र हाम्रो मिडिया मार्फत् जनताबीचमा गरिएको भण्डाफोरका कार्यक्रमहरुले जनतालाई सत्यतथ्य बुझ्न सहयोग पुग्यो । जनतासँग गरिएको भेटघाट, कुराकानीबाट पनि के बुझ्न सकिन्थ्यो भने हाम्रो मोर्चा र पार्टीप्रति जनताको ठूलो अपेक्षा देखियो । यसले संगठन निर्माणको बलियो आधार निर्माण गरेको छ । क्रान्तिको लागि क्रान्तिकारी संगठन पहिलो सर्त हो ।

**पहिलो चरणको चनावी परिणामले क्रान्तिकारी ध्रुवीकरण ल्याउने देख्नुहुन्छ ?**

माकेलगायत सबै संसदवादीहरुले सबै हथ्कण्डा प्रयोग गरेर जसरी पनि चुनाव जित्ने रणनीति लिए । पार्टीको विचार, सिद्धान्त, रणनीति, कार्यनीतिलाई यही प्रवृत्तिले खायो । उनीहरु मिलिजुली, बाँडीचुँडी खाने लाइनमा गए । यो भनेको संसदीय व्यवस्थाको संकटको अभिव्यक्ति हो । विचार र मूल्यको राजनीति गर्न उनीहरु पूर्णतः असफल भए । बुर्जुवा राजनीतिमा यस्तो अपवित्र साँठगाँठ विरलै देख्न पाइन्छ । यसर्थ, स्थानीय तहको पहिलो चरणको निर्वाचन हास्यास्पद बन्यो । जनता कुनै पनि पार्टीप्रति विश्वस्त नभएको देखियो । सत्ता, शक्तिको दुरुपयोग गर्ने, साम, दाम, दण्ड, भेदको नीति अपनाएर ल्याएको मत परिणामलाई वास्तविक जनमत भन्न मिल्दैन ।

यस पृष्ठभूमिमा वास्तविक कम्युनिष्ट क्रान्तिकारीहरु बीचमा ध्रुवीकरणको सम्भावना बढेर गएको छ । हाम्रो पार्टीले मालेमाको सैद्धान्तिक आधारमा नयाँ जनवादी क्रान्तिलाई सम्पन्न गर्ने सर्तमा त्यस्तो ध्रुवीकरणको आव्हान गर्छ । वास्तविक क्रान्तिकारीहरुको ध्रुवीकरणको नेतृत्व अहिले नेकपा (क्रान्तिकारी माओवादी)ले नै गरिरहेको छ ।

**निर्वाचनको बहिस्कार गरेर क्रान्तिकारी भएको दावी गर्नेहरुलाई चाहिं के भन्नुहुन्छ ?**


**सबै बहिस्कार क्रान्तिकारी हुँदैनन् । बहिस्कार पनि अवसरवादी र प्रतिक्रियावादी हुन्छन् । बहिस्कारको नाममा आर्थिक आर्जन गर्ने र आफ्नो पार्टीको अस्तित्व धान्न र सस्तो लोकप्रियताको लागि मात्र बहिस्कारवादीहरुले बहिस्कार गरेजस्तो देखियो । विप्लव जीहरुले गरेको बहिस्कार अवसरवादी बहिस्कार हो । कार्यनीति कार्यदिशासँग जोडिनु पर्दछ । उनीहरुको कार्यदिशा नै छैन । अहिले निर्वाचनको क्रान्तिकारी उपयोगको कार्यनीति नै सबभन्दा क्रान्तिकारी हो । क्रान्तिकारी उपयोग सबभन्दा राम्रो लेनिनले गर्नुभएको छ । दुमामा । हामीले त्यही शैली अपनाउन खोजेको हो ।**

**निर्वाचन सकिएपछि क्रान्तिकारी माओवादीको कार्यनीतिक आगामी स्टेप चाहिं के हुन्छ ?**

यो निर्वाचन सकिएपछि केन्द्रीय समितिको बैठक बस्छ । त्यसले राष्ट्रिय सम्मेलनलाई केन्द्रविन्दु बनाएर कार्यक्रमहरु तय गर्छ । जनविद्रोहको कार्यदिशालाई अझ मूर्तिकरण गर्ने र नेपाल र विश्वको परिस्थितिको ठोस अध्ययन गरी कार्यदिशालाई समृद्ध पारिने छ । आत्मगत र वस्तुगत स्थितिको अध्ययन गरी नयाँ संश्लेषण गरे अगाडि बढिन्छ । नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नुपर्छ भन्ने कार्यदिशा लिनेहरुका बीचमा ध्रुवीकरणको आव्हान पनि हामीले गर्छौं ।

> भारतीय विस्तारवादसँग प्रचण्ड नेतृत्वको सरकारले गरेको २५ बुँदे राष्ट्रघाती सम्झौताको हामीले व्यापक रूपमा भण्डाफोर गरेका थियौ, त्यसबाट उनीहरू अत्तालिएका थिए । जनताको बीचमा व्यापक मात्रामा जान्छ र हामी अझ नांगिन्छौं र त्यसले चुनावी परिणाममा असर पुऱ्याउँछ भन्ने उनीहरूलाई डर भयो । र, हामीमाथि निरंकुशता लाद्न पुगे ।

# आधारभूत समस्याको हल नगर्ने बजेट



● सीताराम तामाङ

१) सन् २०६२/०६३को ऐतिहासिक जनआन्दोलनको रापतापमा निर्माण गरिएको अन्तरिम संविधान (२०६३) भन्दा पश्चगामी संविधान (२०७२) अन्तर्गत बनाईएको अत्यन्त अलोकतान्त्रिक कानुन "स्थानीय तह निर्वाचन ऐन-२०७३" अनुसारको स्थानीय तहको निर्वाचन पछिको समयलाई आर्थिक-सामाजिक रुपान्तरणको अवसरको रुपमा उपयोग गर्दै समाजवाद उन्मुख अर्थतन्त्र गन्तव्य भएको अर्थमन्त्रीको आगामी बर्षको बजेट वक्तव्य आएको छ। अर्थमन्त्रिले सन् २०३०सम्ममा नेपाललाई मध्यमस्तरीय आय भएको मुलुकमा स्तरोन्नति गर्ने, चालु आ.व.मा हाँसिल भएको आर्थिक वृद्धिदरलाई (६.९४ प्रतिशत) मानक मानी दीगो बनाउने र कार्यन्वयनमा रहेका आयोजना। कार्यक्रमलाई तीव्रताकासाथ सम्पन्न गर्ने गरी बजेट विनियोजन गरेको घोषणा समेत गरेका छन्।

अर्थमन्त्रीले मुख्य गरेर स्थानीय तहको निर्वाचन भई स्थानीय शासन र विकास निर्माणमा प्रत्यक नागरिक आफै सम्लग्न हुने वातावरण बनेको स्थानीय तह र अब गठन हुने प्रदेश सरकारको लागि आवश्यक श्रोतको व्यवस्थापनाका लागि विशेष बजेट विनियोजन गरिएको बताएका छन्। अर्थमन्त्रीले बजेट वक्तव्यको आरम्भमै "सदियौदेखि नेपाल एक स्वाधीन र सार्व भौमसत्ता सम्पन्न मुलुकको रुपमा रहिआएको" उल्लेख गर्दै "उच्चस्तरीय भ्रमणको अवसरमा सम्पन्न सन्धि, सम्झौता र समझदारी अनुरुपका परियोजनाहरुको निर्माण कार्य गरिने" बताएका छन्।

अन्य कुरोलाई पुरानै कार्यक्रमको निरन्तरताको रुपमा बुझ्न सकिन्छ।

२) अर्थमन्त्रीको बजेट वक्तव्यले राज्यको आवधिक योजनाभित्रको एक बर्षे विकास कार्यक्रमलाई व्यक्त गर्दछ र बजेट नीतिले राज्यको आगामी आर्थिक दिशालाई समेत निर्देशन गर्दछ। अर्थमन्त्रीले भनेको "एक स्वाधीन र सार्वभौमसत्ता सम्पन्न मुलुक, नेपालसँग भारतले गरेको सन १९५० लगायतका आजसम्मका सम्पूर्ण असमान सन्धी, सम्झौता र समझदारी अनुरुप परियोजनाहरुको निर्माण"गर्ने कुराले नेपाललाई "स्वाधिन र सार्वभौमसत्ता सम्पन्न मुलुक"को दर्जा दिन सक्छ? लेनिनले त्यस्ता मुलुकहरु जो हेर्दा औपचारिक रुपमा स्वतन्त्र देखिए पनि "आश्रित देश अर्थात एकाधिकार पुँजीको प्रभुत्व कायम हुने आर्थिक-राजनीतिक विधि द्धारा बाँधिएका" मुलुकलाई अर्ध उपनिवेशिक अबस्थाको मुलुक भनेका छन्। उपनिवेश खत्तम भए पछि त्यसता देशहरु साम्राज्यवादको (विस्तारवाद) नव उपनिवेशिक अवस्थामा परिणत भएका छन्। यसअर्थमा नेपाल अर्ध/नव औपनिवेशिक अवस्थाको मुलुक हो। भारतसँगको सम्पूर्ण असमान सन्धि, सम्झौता लगायत अन्य देशहरुसँग भएका असमान सम्झौता, समझदारीहरु समाप्त नगरी मुलुकको विकास कसरी हुन सक्ला र!! देशको प्रकृतिक श्रोत, साधन र उद्योग, धन्दा विदेशी र दलाल पुँजीपति वर्गलाई बुझाए पछि विकासको आधार के बाँकी रहन्छ र!! बढ्दो व्यापार घाटा (रु.६ खर्ब ७१ अर्ब), न्यून लगानी (स्थानीयतहमा १७ प्रतिशत), र श्रम पलायन विकासका गम्भीर चुनौति हुन्। पञ्चायतले "एसियाली मापदण्डमा पुऱ्याउने" सपना बाँडेर ३० बर्ष शासन गऱ्यो, बुर्जुवा लोकतन्त्रले "सन् २०३० सम्म मध्यस्तरीय मुलुकमा स्तरोन्नति गर्ने" अर्को सपना जनतामा बाँडेको छ। सपना बाँडेर चुनाब जित्न सकिन्छ तर आधारमा टेकेर मात्र विकास हुन्छ।

३) अर्थमन्त्रीले भनेका छन् "आत्मनिर्भर र स्वाधीन अर्थतन्त्र निर्माण गर्न प्रतिस्पर्धात्मक अर्थव्यवस्था हाम्रो प्रस्थान विन्दु हो, समाजवाद उन्मुख अर्थतन्त्र हाम्रो गन्तव्य हो"। संविधानमा बुर्जुवा संसदीय व्यवस्था अन्तर्गत "लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद" निर्माण गर्ने उल्लेख छ। अर्थमन्त्रीले त्यसैलाई गन्तव्य बनाएकोछ। तर सम्पत्ति र आय-आर्जनको न्यायीक ब्यवस्था विना ल्याइने समाजवादले कुन वर्गको सेवा गर्छ? स्थानीय तहमा केही बजेट विनियोजन गरे पनि सांसदहरुलाई दिईने प्रतिव्यक्ति ३ करोडले, ४० लाख युवा विदेशिएर पठाएको रेमिटेन्सले र राजनीतिक भ्रष्टचारले समाजवाद उन्मुख राष्ट्र निर्माण गर्छ? सर्वहारावर्गको नेतृत्वमा भएको क्रान्तिपछि निर्माण गरिएको समाजवादी व्यवस्थाले मात्र वहुसंख्यक मजदुर, किसान, उत्पीडित जाति, लिङ्ग र क्षेत्रको लागि समाजवादी समाज निर्माण गर्दछ। साम्राज्यवादी देशहरुबाट सापट ल्याएको नेपालको बुर्जुवा डेमोक्रेसी वास्तवमा "डेमन क्रेजी" (राक्षसहरुको राज्य - अरुन्धती रोय) हो। नर्कको बाटो खनेर स्वर्ग पुगिदैन। नेपाली जनताले थाहा पाउन आवश्यकछ।

४) संघीय व्यवस्था भएको मुलुकमा पहिले केन्द्र (संसद) र प्रदेशको निर्वाचन र त्यसपछि प्रदेशले आफु मातहतका स्थानीय तहको निर्वाचन गेरको पाईन्छ। तर ने.का., मा.के. र एमालेको तीन दलीय सिण्डिकेटले यहाँ धर्मनिरपेक्षता, गणतन्त्र र संघीयतालाई कम्जोर पार्न संघीय शासन व्यवस्थाको अन्तर्राष्ट्रिय मान्यताको विपरित पहिले "स्थानीय तहको निवाचन" गरेका छन्।

☞ संविधानको (२०७२) धारा ५७,धारा १०९ र अनुसुची-५ ले प्रदेश र स्थानीय तहलाइ कम अधिकार दिएकोछ। प्रदेशलाई अझै अधिकार कम दिएकोछ-विकेन्द्रिकरणको रुपमा।

☞ नेपालको अन्तरिम संविधानले राज्यको अत्यधिक केन्द्रिकृत, नोकरशाही र एकात्मक (जातीय) व्यवस्थाको विरुद्ध पहिचानसहितको संघीय समरचना खडा गर्न खोजेको थियो। तर २०४७ सालको संविधानलाई विश्वको उत्तम संविधान भन्ने यथास्थितिवादी, पुनर्उथानवादी र आत्मा समर्पणवादी तत्वहरुको हातमा, दोस्रो सविधानसभाको निवाचन पछि, राज्यसत्ता रहन पुगेकोले स्वभाविकरुपमा धर्मनिरपेक्षता, गणतन्त्र र पहिचानसहितको संघीयतालाई उनीहरुले कमजोर पार्ने नै भए। त्यसको पारुप स्थानीय तहको निर्वाचन गरेबाट देखिन्छ। स्थानीय तहमा छुट्याएको बजेट स्थानीय तहको अधिकार स्थापित गर्ने भन्दा कार्मचारी र कर्मचारीद्धारा नियमन गर्ने देखिन्छ।

५) बजेट बक्तब्यमा सन् २०३० सम्ममा नेपाललाई मध्यमस्तरीय मुलुकमा स्तरोन्नति गर्ने, चालु आ.व. मा हासिल भएको आर्थिक वृद्धिदर (६.९)लाई मानक मानी दिगो राख्ने र कार्यन्वयनमा रहेका आयोजना/कार्यक्रमलाई तीव्रताकासाथ सम्पन्न गर्ने भनिएकोछ। अनुकुल मनसुनका कारण कृषिमा (विशेष गरी धानवाली २२ प्रतिशत योगदान) भारी वद्धि भएकोले राज्य हौसिएको छ, तर उद्योगको योगदान घटेको छ, सेवा तर्फ सामान्य वृद्धि भएकोछ। तसर्थ मौसम प्रतिकुल हुनुसाथ "पुन: मुसिक भव" को स्थिति हुनेछ। रेमिटेन्स अघिल्लो बर्षको तुलनामा खासै बढेको छैन तर व्यापार घाटा अघिल्लो बर्षको तुलनामा ४३.० प्रतिशतले वृद्धिभई रु. ६ खर्ब ७१ अर्ब २० करोड पुगेकोछ। निर्यात भने १२. प्रतिशत मात्र वृद्धि भएको देदिन्छ। यति ठूलो व्यापार घाटा हुनुले मुलुक अत्यन्त पछि परेको कृषिमा आधारित रहेको देखाउँछ। विकासका पूर्व-आधारहरु निर्माण गर्न नसकेको देश कसरी मध्यमस्तरीय हुन सक्छ! जहाँ सम्म कार्यन्वयनमा रहेका आयोजना/कार्यक्रमलाई तीव्रताकासाथ सम्पन्न गर्ने कुरोछ, त्यसबारे प्रय सबै लेखक/बुद्धि जीवीहरुले एक स्वरले संका गरेका छन् - कार्यन्वगन होला! कमिशन र भ्रष्टचारको कारण कुनै पनि आयोजना/कार्यक्रम तोकिएको समयमा पुरा हुन नसक्ने वा हुदै नहुने गरेको विगत भएकोले आगामी बर्षमा हुनसक्छ भन्नेमा शंका जायज नै छ।

६) बजेट वक्तव्यमा भारत र चीनको तीब्र विकासको लाभ हासिल गर्ने र चीनको बोओरमा जोडिने कुनै कार्यक्रम दिन सकेको छैन।

७) बजेट वक्तव्य हेर्दा यसले विगतमा भैं नै स्वाधीन र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा देखिएको मुल समस्याहरु र तिनको निराकरणका प्राथमिकताक्रम निर्धारण गर्न सकेको छैन। नेपाल अर्ध सामन्ती अवस्थामा रहेको मुलुक हुनाले सरकारको प्राथमिकता जमिनमा रहेको सामन्ती उत्पादन सम्बन्धलाई भत्काएर किसानको स्वामित्व स्थापित गर्ने र कृषि क्षेत्रमा आमुल परिवर्तन गर्ने हुनु पर्दछ। दोस्रो, नेपाल अर्ध/नव औपनिवेशिक मुलुक भएकोले यहाँको उद्योग धन्दा र व्यापारको विकासमा मुख्य बाधक रहेको विदेशी एकाधिकार पुँजीको हस्तक्षेप रोकेर मात्र देशको अर्थतन्त्रलाई आत्मनिर्भर बनाई राष्ट्रिय पुँजीको विकास गर्न सकिन्छ। नेपालको स्वाधीन र आत्मनिर्भर अर्थनीतिको मुलआधार यी नै हुन्। चीनलाई वाइपास गरेर ल्याइएको कुनै पनि सुधारका कार्यक्रमले नेपालको आधारभूत समस्याको हल दिदैन। यस अर्थमा यो बजेट बक्तव्य पनि नयाँ होइन, विगतको निरन्तरता नै हो। नेका र मा.के. सरकारको यो बजेट परम्परावादी छ, पराधीनता अरु बढाउछ, मुद्रास्फिती तोकिएभन्दा बढ्नेछ, आर्थिक बृद्धिदर घट्नेछ र धनी-गरिब बीचको खाडल अरु बढ्नेछ।

## जुझारु...

दिर्दै देजमो, नेपालका उम्मेदवारहरुले पहिलो चरणको निर्वाचनमा काभ्रेको रोशी गापा-४ र बाग्लुङको ढोरपाटन नपा-३ मा हासिल गरेको विजयलाई महत्वपूर्ण रुपमा हेरेको छ।

लेनिनले रुसको दुमामा निर्वाचनको उपयोग गर्दा अपनाएको नीतिको स्पिरिटमा देजमोले निर्वाचनको क्रान्तिकारी उपयोग गरेको बताउँदै आएको छ। वर्तमान संसदीय व्यवस्था, सत्ता र संविधानको विरुद्ध क्रान्तिको तयारीमा जुटिरहेको नेकपा (क्रान्तिकारी माओवादी)ले पार्टीको पछिल्लो केन्द्रीय समितिको विस्तारित बैठकबाट देजमो, नेपालमार्फत् निर्वाचनको क्रान्तिकारी उपयोग गर्ने नीति लिएको हो।

राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरु विकराल र संकटपूर्ण बनेको अवस्थामा क्रान्तिकारी माओवादी र देजमो नेपालले मात्र त्यसको समाधान दिन सक्ने दावी गर्दै पार्टी र मोर्चाका नेताहरुले त्यसका लागि मुलुकमा 'उत्पीडित जातिहरुको पहिचानमा आधारित जनताको संघीय गणतान्त्रिक व्यवस्था, र त्यसैमा आधारित संविधानको निर्माण गरि नुपर्ने' कुरामा जोड दिंदै आएका छन्। त्यसका लागि नेपालको विशिष्टतामा आधारित सशस्त्र जनविद्रोहको फौजी कार्यदिशामा अगाडि बढ्नुपर्ने पनि निष्कर्ष निकाल्दै आएका छन्।

लामो समयदेखि स्थानीय तहको निर्वाचन नहुँदा जनताको प्रायः हिस्साले निर्वाचन चाहनु, वर्तमान व्यवस्था, सत्ता र संविधानका बारेमा जनतामा पर्याप्त भ्रम रहनु, क्रान्ति वा विद्रोहका निम्ति जनता तयार भइनसकेको अवस्थामा क्रान्तिकारी माओवादी, देजमो, नेपालका विचार, नीति तथा कार्यक्रमबारे जनतामा स्पष्ट पार्न, संसदवादीहरुले छेकेको भ्रमलाई चिर्न र वैकल्पिक व्यवस्था र संविधानको आवश्यकता बोध गराउन पनि उपयुक्त भएकोले देजमोले निर्वाचनको क्रान्तिकारी उपयोगलाई नै सही कार्यनीतीको रुपमा व्याख्या गर्दै आएको छ।

देजमोको यही नीतिको स्पिरिट बुझेका र व्यवस्था परिवर्तन ब्यालेटबाट होइन, बुलेटबाट गर्न सकिन्छ भन्ने मान्यता बाकेका देजमोका उम्मेदवारहरु "क्रान्तिको मिसन"सहित जुझारु रुपमा निर्वाचनमा होमिएका छन्। हारेको सिपाहीले अझ बढी सिकन सक्छ भन्ने लेनिनको भनाइलाई चरितार्थ गर्दै सम्पन्न पहिलो चरणको निर्वाचनको अनुभवबाट सिकेर देजमोका उम्मेदवारहरुले दोस्रो चरणको निर्वाचनको क्रान्तिकारी उपयोग गर्ने दिशामा उत्साहित रुपमा अग्रसर बनेका छन्।

पछिल्लो पटक निर्वाचन आयोगले असार १४ गतेका लागि तोकेको दोस्रो चरणको निर्वाचनका लागि असार २ गते मनोनयन दर्ता गर्ने समय तालिका निर्धारण गरेको छ। देजमोका उम्मेदवारहरु प्रायः सबै जिल्लामा उम्मेदवारी दिने तयारीलाई तीव्र बनाएको छ। हामीलाई प्राप्त प्रारम्भिक विवरण अनुसार निम्न जिल्लाहरुमा देजमोले उम्मेदवारहरुको टुंगो लगाएको छ।

**दार्चुला**

- महाकाली नगरपालिकाको मेयरमा प्रेम निरौला, उपमेयरमा धनसिंह दयाली,

वडा नं. १ अध्यक्ष : कमल सिलवाल,

**बैतडी**

- दशरथचन्द नगरपालिकाको मेयरमा दिनेश ओड, उपमेयरमा सुस्मा गहतराज, वडा नं. ४ अध्यक्ष : सहदेव ओड, वडा नं. ११ अध्यक्ष : गणेश पन्त,

**तेह्रथुम**

- म्याङ्लुङ नगरपालिकाको मेयरमा तारक लिम्बू,
- लालिगुराँस नगरपालिकाको मयरमा निरेन्द्र सुब्बा,
- छथर गाउँपालिका अध्यक्षमा अनिल पाक्साँवा लिम्बू,
- आठराई गाउँपालिका अध्यक्षमा सुबास फोम्बो, वडा नं. ४ अध्यक्षमा चन्द्र खवास, वडा नं. ७ अध्यक्षमा शेर बहादुर इङ्नाम

**खोटाङ**

- लामिडाँडा गाउँपालिकाको उपाध्यक्षमा रमेश अधिकारी,
- रुपाकोट मम्पुवागढी नगरपालिकाको मेयरमा भ्यूम प्रसाद आचार्य,
- हलेसी तुवाचुङ नगरपालिकाको मेयरमा भोजराज बस्नेत, वडा अध्यक्षमा थाम बहादुर राई र सदस्यमा रमेश बस्नेत

**ओखलढुंगा**

-चिसंखुगढी गाउँपालिका अध्यक्षमा तेन्जिङ शेर्पा, सिद्धिचरण नगरपालिकाको मेयरमा फुर्तेम्बा शेर्पा, मोलुङ गाउँपालिकाको अध्यक्षमा रुद्रकुमार फुँयाँल, उपाध्यक्षमा गुरु दाहाल,

- खिजिदेम्बा गाउँपालिका अध्यक्षमा पेमडोमा शेर्पा, उपाध्यक्षमा आशिष सुनुवार,
- लिखु गाउँपालिका अध्यक्षमा रामचन्द्र पौड्याल,
- चम्पादेवी गाउँपालिका उपाध्यक्षमा निर्मण कुमार कार्की

**पाल्पा**

- रम्बा गाउँपालिका अध्यक्षमा पदम लामिछाने

**उदयपुर**

-त्रियुगा नगरपालिकाको मेयरमा मदन खड्का, वडा नं. ३ अध्यक्षमा लेखनाथ खत्री, वडा नं. ६ अध्यक्षमा केदारमान विश्वकर्मा, वडा नं. ६ सदस्यमा निलहरी जोगी, वडा नं. १० अध्यक्षमा डिल्ली नारायण श्रेष्ठ, वडा नं. १३ अध्यक्षमा भोजराज पोखेल, वडा नं. ६ दलित महिला सदस्यमा उमा परियार

**सुनसरी**

-धरान उपमहानगरपालिकाको मेयरमा पेमा लामा, उपमेयरमा ममता राई,

- इटहरी उपमहानगरपालिकाको मेयरमा पदम तामाङ,
- बराह नगरपालिकाको मेयरमा अनिल राई,
- गढी गाउँपालिकाको अध्यक्षमा सुमित्रा चौधरी

**सिरहा**

लहान नगरपालिकाको वडा नं. ४ अध्यक्षमा उमेश साह,

- गोलबजार नगरपालिकाको उपमेयरमा शम्भु शाह,
- मिर्चैया नगरपालिकाको वडा नं. ४ अध्यक्षमा रामदेव तारक,
- सुखिपुर नगरपालिकाको मेयरमा जयनारायण महतो,
- धनगढीमाई नगरपालिकाको मेयरमा हिरा बहादुर, वडा नं. ४ अध्यक्षमा सुतायी राम,
- पानवारी गाउँपालिकाको अध्यक्षमा खेमराज यादव,
- अर्नामा गाउँपालिका अध्यक्षमा जितेन्द्र सिंह

**सर्लाही**

लालबन्दी नगरपालिकाको मेयरमा अजय श्रेष्ठ,

- हरिवन नगरपालिकाको मेयरमा बलराम न्यौपाने, वडा नं. १. अध्यक्षमा भीम बहादुर लुङ्गेली, वडा नं. २. अध्यक्षमा पुष्प लामा,
- हरिपुर्वा नगरपालिकाको मेयरमा रामलखन साह, उपमेयरमा यशोदा साह, वडा नं. ९ अध्यक्षमा शुरेश साह,

**रुपन्देही**

-बुटवल उपमहानगरपालिकाको मेयरमा भुल बहादुर सुनारी, उपमेयरमा शान्ता खनाल (मरासिनी),

- सैनामैना नगरपालिकाको मेयरमा दल बहादुर छन्त्याल, उपमेयरमा एकदेव पौडेल, वडा नं. १ अध्यक्षमा कमला गौतम, वडा नं. ३ अध्यक्षमा विष्णुकान्त गौतम, वडा नं. ५ अध्यक्षमा कृष्णकान्त मिरासिनी, वडा नं. ६ अध्यक्षमा हरि पौडेल,
- कञ्चन गाउँपालिकाको अध्यक्षमा लक्ष्मीकान्त पौडेल,
- सिद्धार्थनगर नगरपालिकाको मेयरमा मुजिब अली, उपमेयरमा भवानी रिजाल

**नवलपरासी**

- बर्दघाट नगरपालिकाको मेयरमा छवि खरेल, उपमेयरमा विष्णु गैरे, वडा नं. ४ अध्यक्षमा राजु खनाल, वडा नं. १४ अध्यक्षमा दुर्गा चौधरी, वडा नं. १६ अध्यक्षमा खेम गुरुङ,
- सुनवल नगरपालिकाको मेयरमा गणेश भट्ट, उपमेयरमा परशुराम पाण्डे
- रामग्राम नगरपालिकाको मेयरमा रामचन्द्र गौतम

**दाङ**

- घोराही उपमहानगरपालिकाको मेयरमा शुशिला आचार्य (वैद्य), उपमेयरमा तिलक बि.क., वडा नं. २ सदस्यमा देवीकला विष्ट, वडा नं. ३ सदस्यमा सुन्दरलाल चौधरी, वडा नं. १६ अध्यक्षमा रामजी थारु, वडा नं. १६ सदस्यमा गंगाराम नेपाली
- तुलसीपुर उपमहानगरपालिकाको मेयरमा इश्वरी प्रसाद गैरे, वडा नं. १७ सदस्यमा हिरासिंह बि.क., वडा नं. १९ अध्यक्षमा नन्दराम रोका
- लमही नगरपालिकाको मेयरमा हिमा घिमिरे,
- राप्ती गाउँपालिकाको अध्यक्षमा नीम बहादुर जी.एम.
- बबइ गाउँपालिका, दाङ, अध्यक्ष : धनबहादुर वि.क.

**झापा**

विर्तामोड नगरपालिकाको मेयरमा बालकृष्ण बुढाथोकी, वडा नं. ४ अध्यक्षमा तेज प्रसाद अग्रवाल,

- दमक नगरपालिकाको मेयरमा गोविन्द भट्टराई, उपमेयरमा भवानी मिश्र,
- शिवशताक्षी नगरपालिकाको मेयरमा हरि गौतम, वडा नं. २ अध्यक्षमा तीर्थ ढुंगाना, वडा नं. ५ अध्यक्षमा मोहन पाण्डे, वडा नं. ६ अध्यक्षमा कृष्ण लुइँटेल,
- कन्काई नगरपालिकाको उपमेयरमा हरिभक्त संग्रौला, वडा नं. ३ अध्यक्षमा मोहम्मद आलाम, वडा नं. ४ अध्यक्षमा भक्त विक, भद्रपुर नगरपालिकाको वडा नं. ९ अध्यक्षमा हरि चौधरी,
- अर्जुनधारा नगरपालिकाको मेयरमा नरेन्द्र नेम्वाङ, वडा नं. ३ अध्यक्ष नरेश खनाल,
- कमल गाउँपालिकाको अध्यक्षमा जीवन राई, वडा नं. २ अध्यक्षमा नवराज अधिकारी, वडा नं. ५ अध्यक्षमा सूर्य थापा,
- झापा गाउँपालिकाको अध्यक्षमा मनोज राजवंशी, उपाध्यक्षमा पाउलु सोरेन, वडा नं. १ अध्यक्षमा सुफला हस्दा, वडा नं. २ अध्यक्षमा रामदेव राजवंशी, वडा नं. ३ अध्यक्षमा अलि मियाँ, वडा नं. ४ अध्यक्षमा आजाद अलि, वडा नं. ७ अध्यक्षमा सूर्यप्रसाद भट्टराई, बाह्रदशी गाउँपालिकाको अध्यक्षमा मुक्ति शर्मा, वडा नं. ५ अध्यक्षमा चेतराज राजवंशी,
- केचनाकलन गाउँपालिकाको वडा नं. ३ अध्यक्षमा भीम अधिकारी

**मोरङ**

- सुन्दरहरैचा नगरपालिकाको मेयरमा डिल्लीराम बाँस्कोटा, उपमेयरमा आशाकुमारी राई,
- पथरी शनिश्चरे नगरपालिकाको मेयरमा सन्तोष गुरुङ 'इतिहास',
- रतुवामाई नगरपालिकाको मेयरमा कृष्ण ढकाल,
- सुनबर्सी नगरपालिकाको मेयरमा योगेन्द्र राजवंशी।
- बेलबारी नगरपालिका मोरङ, मेयर : शान्तिराम गिरी
- सरुमारानी गाउँपालिका, प्युठान, अध्यक्ष : कृष्ण राना, उपाध्यक्ष : यमा गुरुङ, वडा नं. ३ अध्यक्ष : प्रेम सोमइमगर, वडा नं. ३ महिला सदस्य : सुमित्रा राना, वडा नं. ३ दलित महिला सदस्य : तुलसी वि.क., वडा नं. ३ सदस्य : विक्रम बहादुर राना, वडा नं. ३ सदस्य : निमबहादुर दर्लामी
- स्वर्गद्धारी नगरपालिका, प्युठान, मेयर : भीमबहादुर बुढा,
- नौबहिनी गाउँपालिका, प्युठान, अध्यक्ष : पवित्रा घर्तीमगर, उपाध्यक्ष : टोपबहादुर घर्तीमगर,
- झिमरुक गाउँपालिका, प्युठान, अध्यक्ष : खड्गबहादुर महतरा, उपाध्यक्ष : माया महतारा,
- मल्लरानी गाउँपालिका, प्युठान, अध्यक्ष : पूर्णविक्रम नेपाली, वडा नं. १ अध्यक्ष : रुद्रबहादुर राइमगर,
- ऐरावती गाउँपालिका, प्युठान, अध्यक्ष : गोपाल नेपाली, उपाध्यक्ष : बिरमा पाण्डे,
- माण्डवी गाउँपालिका, प्युठान, अध्यक्ष : भरत खड्का,
- रामधुनिभासी नगरपालिका, सुनसरी, मेयर : डिल्ली खनाल,
- षडानन्द नगरपालिका, भोजपुर, मेयर : राजुकुमार राई,
- राजापुर नगरपालिका, बर्दिया, मेयर : खड्गा मल्ल, उपमेयर : सेनिका मल्ल,

**बर्दिया**

- गुलरिया नगरपालिका, बर्दिया, मेयर : मञ्जु श्रेष्ठ, वडा नं. ४ अध्यक्ष : धनपति थारु, वडा नं. ४ महिला सदस्य : तारादेवी ओली, वडा नं. ४ सदस्य : राधा मल्ल, वडा नं. ८ अध्यक्ष : लबकुमार काफ्ले, वडा नं. ८ महिला सदस्य : कौशिला दमिनी, वडा नं. ८ महिला सदस्य : नवीना भण्डारी, वडा नं. ८ सदस्य : नरकान्त जैसी,
- ठाकुरबाबा नगरपालिका, बर्दिया, मेयर : रामबहादुर शाही, उपमेयर : गंगा न्यौपाने, वडा नं. १ अध्यक्ष : प्रज्ञा तिमल्सेना, वडा नं. २ अध्यक्ष : पुनुवा थारु, वडा नं. २ सदस्य : रामबहादुर अधिकारी, वडा नं. २ महिला सदस्य : थुमा आचार्य, वडा नं. २ सदस्य : डिल्ली थारु, वडा नं. ३ अध्यक्ष : राजबहादुर शाही, वडा नं. ४ अध्यक्ष : ओमप्रकाश राजवंशी, वडा नं. ४ का सदस्य : सञ्जीव अधिकारी,
- मधुवन नगरपालिका, बर्दिया, मेयर : प्रतिक्षा बम,

-बाँसगढी नगरपालिका, बर्दिया, मेयर : टिकाराम बुढाथोकी, उपमेयर जानकी चौधरी,

- बढैयालाल गाउँपालिका, बर्दिया, अध्यक्ष : रामलौटन थारु, उपाध्यक्ष : उमा थारु,
- बेदकोट नगरपालिका, कञ्चनपुर, मेयर : विष्णुराम दमाई,
- शुक्लाफाँटा नगरपालिका, कञ्चनपुर, मेयर : चन्द्रलाल चौधरी,
- छिन्ताङ खोकु गाउँपालिका, धनुकटा, अध्यक्ष : मात्रिका प्रसाद राई
- चुलाचुली गाउँपालिका, इलाम, अध्यक्ष : टंकमणि राई,
- समलबुङ गाउँपालिका, इलाम, अध्यक्ष : बी.बी. राई,
- फालेलुङ गाउँपालिका, पाँचथर, अध्यक्ष : रबिन सुब्बा,
- फुङलिङ नगरपालिका, ताप्लेजुङ, मेयर : गणेश पोमु।

# ट्रम्प किन भाग्दैछन् पेरिस जलवायु सम्झौताबाट

● केशरमणि कटुवाल

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पेरिस जलवायु सम्झौताबाट अलग हुने घोषणा गरेपछि त्यसले अमेरिकाभित्र र बाहिर समेत नयाँ तरंग पैदा गरिदिएको छ । आफ्नो निर्वाचन अभियानका क्रममा 'अमेरिका फर्स्ट' नारा लगाएका ट्रम्प पृथ्वीलाई बचाउने उद्देश्यबाट गरिएको यो सम्झौताबाट पछि हट्ने पनि 'फस्ट' भएका छन् । ट्रम्पको यो फस्ट हुने अभियानले जनवायु परिवर्तन सम्झौता कार्यान्वयनमा जटिलता थपिएको छ । अमेरिकाभर विरोध भएको ट्रम्पको यो कदमलाई त्यहाँका कोइलाखानी सञ्चालन गरेका पूँजीपति वर्ग र कोइलाखानी बन्द भएर रोजगारी गुमाएकाहरुलेमात्रै स्वागत गरेका छन् ।

चीन र अमेरिकाबीच पेरिस सम्झौतालाई अघि बढाउने विषयमा जुन अहम सहमति बनेको थियो । अब अमेरिकाको यो पछि फर्काइले त्यो सहमतिलाई समेत च्यातचुत पार्नेछ। यद्यपि युरोपेली संघसहित एसियाली मुलुकहरु चीन, भारत, दक्षिण अमेरिकी मुलुक ब्राजिल, उत्तर अमेरिकी राष्ट्र क्यानडा, मेक्सिकोलगायतका राष्ट्रहरु यसप्रति प्रतिबद्ध नै देखिएका छन् । उनीहरुले यो सम्झौतालाई कायम राख्ने मात्रै नभई विकासशील देशलाई यस सम्झौतासँग जोडाइराख्नका लागि जुन आर्थिक सहयोग गर्ने घोषणा भएको थियो त्यसलाई समेत कायम राख्ने उद्घोष गरेका छन् ।

ट्रम्पले पेरिस सम्झौताबाट बाहिर निस्कने घोषणा गरिरहँदा भारतले अरबौं डलर लिने सर्तमा सम्झौतामा हस्ताक्षर गरेको तथा चीन र भारतका कोइला उद्योगलाई कुनै प्रतिबन्ध नलगाइएको समेत बताएका छन् । यद्यपि राष्ट्रसंघको एक रिपोर्टमा चीन र भारत दुवैले कार्बन उत्सर्जन कम गर्न राखेको लक्ष्यमा राम्रो सफलता पाएको उल्लेख छ । न्युयोर्क टाइम्सको सम्पादकीयमा जलवायु परिवर्तन सम्बन्धी सम्झौता कार्यान्वयनका लागि भारत र चीनको अग्रसरताको प्रशंसा गर्दै भनिएको छ, 'दुवैले अझै धेरै लामो यात्रा तय गर्नुपर्ने छ, तर यो सही बाटोबाट चलिरहेको छ र अमेरिका यसमा सामेल नहनु अफसोसजनक हुनेछ ।' यसका बाबजुद संसारको सबैभन्दा ठूलो अर्थव्यवस्था भएको मुलुक र संसारको दोस्रो सबैभन्दा बढी ग्रिनहाउस ग्याँस उत्सर्जन गर्ने देश यो सम्झौताबाट पछि हटेपछि जलवायु परिवर्तनलाई नियन्त्रण गर्ने लक्ष्यमा निश्चित असर पर्नेछ । वैश्विक कार्बन उत्सर्जनमा अमेरिकाको १५ प्रतिशत हिस्सा रहेको छ । पूर्व राष्ट्रपति बाराक ओबामाले पेरिस सम्झौताको वकालत गर्दै भनेका थिए, 'यसमा सबैको जित हुन्छ किनकी अमेरिकाका लागि नयाँ प्रविधि र नयाँ सोधमा पैसा लगाएर लाखौं रोजगारीको अवसर सिर्जना हुन्छ भने विकासशील देशका लागि यी आविस्कारबाट फाइदा पुग्नेछ ।' ट्रम्पको निर्णयसँगै यसअघि अघि बढाउने विषयमा बाँकी विश्वलाई चुनौती पनि थपिदिएको छ ।

**चुनौतीबाट भाग्यो अमेरिका**

पेरिस सम्झौताबाट अलग हुने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको घोषणाको अमेरिकाभित्र र बाहिर समेत चर्को आलोचना भएको छ । अमेरिकाका विपक्षी पार्टीले यस्तो निर्णय गरेर एउटा जल्दोबल्दो अन्तर्राष्ट्रिय चुनौतीबाट अमेरिका भागेको टिप्पणी गरेका छन् । राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसका प्रवक्ताले हरित गृह उत्सर्जन कटौतीको विश्वव्यापी प्रयासमा अमेरिकी निर्णयले निराशा थपेको प्रतिक्रिया दिएका छन् ।

फ्रान्सका राष्ट्रपति इमानुएल माक्रोंले विश्वव्यापी तापमान वृद्धिविरुद्ध लड्न अर्को वैकल्पिक योजना नरहेको टिप्पणी गरेका छन् भने बेलायतकी प्रधानमन्त्री थेरेसा मेले अमेरिकी निर्णयप्रति असहमति जनाएकी छन् । पेरिस सम्झौताले पृथ्वीको समृद्धि र भावी पुस्ताको भविष्य संरक्षणका लागि सहि विश्वव्यापी प्रारुपहरु निर्धारण गरेको उल्लेख गरेकी छन् ।

अमेरिकाका पूर्वराष्ट्रपति ओबामाले ट्रम्प प्रशासनको निर्णयलाई अस्वीकार गरेका छन् । झण्डै डेढ वर्ष अघि पेरिसमा भएको विश्व संमेलनमा ओबामाले सम्झौतामा हस्ताक्षर गरेका थिए । उनले अमेरिकी राज्यहरु, शहरहरु र व्यावसायिक क्षेत्रहरुले अग्रसरता देखाउँदै पृथ्वीलाई जोगाउन नेतृत्वदायी भूमिका खेल्ने विश्वास व्यक्त गरेका छन् ।

न्युयोर्कका मेयर बिल डे ब्लाजियो र डेमोक्रेटिक सिनेटर बर्नी स्यान्डर्सले ट्रम्प प्रशासनको निर्णय पृथ्वीमा रहेका सबैको स्वास्थ्य र सुरक्षाविरुद्ध गरिएको अनैतिक आक्रमण भएको टिप्पणी गर्दै भावी सन्ततिका लागि पृथ्वीलाई संरक्षण गर्न चालिएको कदमविरुद्ध पिठ्यूँ फर्काउने नैतिक अधिकार अमेरिकासँग नरहेको बताएका छन् । ट्रम्पको घोषणापछि एलन मस्कले राष्ट्रपति ट्रम्पको सल्लाहाकार समूह छाड्ने निर्णय गरेका छन् ।



ट्रम्पले भने यसबाट बाहिर निस्कने घोषणा गर्दै यसबाट अमेरिकी स्वतन्त्रतामा भविष्यमा हुने दखल रोकिने, ग्रीन क्लाइमेट फण्ड अमेरिकी धन हत्याउने धोखाधडी भएकोले त्यसलाई तत्काल अन्त्य गर्ने, सम्झौताले चीन र भारतजस्ता देशलाई फाइदा भएको तर अमेरिकी सम्पदालाई अर्को देशमा बाँढेको र यसबाट देशको तेल कोइला उद्योगलाई मद्दत पुग्ने बताएका छन् । विश्वमा आफ्नो बलियो उपस्थिति जनाउँदै आएको अमेरिका ट्रम्पको कार्यकाल सुरु भएदेखि नै यस्ता विश्वव्यापी एजेन्डाबाट पछि हट्दै आएको छ ।

**के छ पेरिस सम्झौतामा ?**

● वैश्विक तापमानलाई दुई डिग्री सेल्सियस भन्दा कम राख्न कोशिस गर्नु अर्थात १.५ डिग्री सेल्सियसबाट बढ्न नदिनु ।

● मानवीय कार्यबाट हुने ग्याँस उत्सर्जनलाई यो स्तरसम्म लैजानका लागि रुख, माटो र समुद्रलाई उसको प्राकृतिक रुपमा कायम राख्नु । यसको सुरुवात २०५० देखि २१०० को बिचमा गर्नु ।

● हरेक ५ वर्षमा ग्याँस उत्सर्जन कटौतीमा प्रत्येक देशको भूमिकाको प्रगतिको समीक्षा गर्नु ।

● विकासशील देशका लागि जलवायु वित्तीय सहायताका लागि १ सय अरब डलर प्रतिवर्ष दिनु र भविष्यमा यसलाई बढाउने प्रतिबद्धता ।

**के भनेका थिए ओबामाले ?**

अमेरिका पेरिस सम्झौताको सबैभन्दा महत्वपूर्ण राष्ट्र हो । पेरिसमा जलवायु परिवर्तनबारे भएको सम्झौतामाथि अधिकांश देशले सहमति समेत जनाएका छन् भने १४८ देशले हस्ताक्षर गरिसकेका छन् । अमेरिकी राष्ट्रपति बाराक ओबामाले सम्झौतामा हस्ताक्षर गर्दै भनेका थिए, 'पृथ्वीलाई बचाउनका लागि हाम्रा सामु यो सबैभन्दा राम्रो विकल्प हो ।' यो सम्झौता सुरुमा नै निकै महत्वाकांक्षी मानिएको हो । ओबामाले भनेका थिए, 'हामी सबै एकसाथ हुन सक्यो भने हामी यसलाई हासिल गर्न सक्छौं भन्ने देखेको छु । यो सम्झौताको अर्थ त्यो कार्बन उत्सर्जनलाई कम गर्नु हो, जुन पृथ्वीका लागि खतरनाक छ ।' यो सम्झौतालाई ओबामाले पनि सम्पूर्ण मानेका थिएनन् । तर विश्वका लागि यो एउटा महत्वपूर्ण सुरुवात भने अवश्य थियो । किनकी विश्वमा कार्बन उत्सर्जन गर्ने अमेरिका चीनपछि दोस्रो स्थानमा छ । सबैभन्दा बढी कार्बन उत्सर्जन गर्ने चीनले भने यो सम्झौताप्रति आफ्नो प्रतिबद्धता कायम राखेपनि अमेरिका त्यसमा अडिग रहन सकेन ।

**अमेरिकी निर्णयबाट पर्ने असर**

***१. सम्झौता र विश्वलाई कमजोर पार्छ***

पेरिस जलवायु सम्झौताबाट अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प पछि हट्नुले बाँकी विश्वलाई यसको लक्ष्य पुरा गर्नका लागि कठिन हुनेछ। पेरिस जलवायु सम्झौताको मुख्य लक्ष्य भनेको वैश्विक तापमानको वृद्धिलाई २ प्रतिशत भन्दा तल राख्नु हो। वैश्विक कार्बन उत्सर्जनमा अमेरिकाको १५ प्रतिशत योगदान रहेको छ । यसका साथै अमेरिका विकासशील राष्ट्रमा बढ्दो तापमानलाई रोक्नका लागि वित्तीय र प्राविधिक सहयोग उपलब्ध गराउने एक प्रमुख स्रोत हो। अमेरिकाको सियेरा क्लबका पर्यावरणविद् माइकल ब्रुनेले यसलाई ऐतिहासिक भूलको संज्ञा दिएका छन् । उनले भनेका छन्, 'यसलाई पछि फर्किएर हेर्ने हो भने हाम्रा सन्ततिहरु धेरै निराश हुनेछन् कि कसरी एक विश्व नेताले वास्तविकता र नैतिकताबाट मुख फर्काएका थिए ?'

***२. चीनका लागि मौका***

पेरिस जलवायु सम्झौताका क्रममा चीन र अमेरिकाबीच महत्वपूर्ण सहमति बनेको थियो । अमेरिकाका तत्कालीन राष्ट्रपति बाराक ओबामा र चिनियाँ राष्ट्रपति सी जिनपिङले यसमा ठूलो भूमिका निर्वाह गरेका थिए । चीनले यसप्रतिको प्रतिबद्धता दोहोऱ्याइरहेको छ, पेरिस जलवायु सम्झौताको साथमा खडा छ । ईयूका क्लाइमेट कमिश्नर मिगल आरिआस भन्छन्, 'पेरिस जलवायु सम्झौताबाट कोही पनि पछि हट्नुहुँदैन । हामीले र चीनले यसमा सँगै अघि बढ्ने संकल्प गरेका छौं ।' सम्झौता कार्यान्वयनमा प्रमुख भूमिका चीनले खेल्नुपर्ने अवस्था सिर्जना भएको छ।

***३. व्यापारिक घराना निराश***

अमेरिकाका कर्पोरेट घराना समेत पेरिस जलवायु सम्झौताबाट पछि हट्न नहुने पक्षमा उभिएका छन् । गुगल, एप्पल र सयौं ठूला जीवाश्म इन्धन उत्पादक कम्पनीले राष्ट्रपति ट्रम्पलाई सम्झौताको पक्षमा उभिइरहन आग्रह गरेका थिए । यस विषयमा एक्सन मोबिलका सीइओ डारेन वुड्सले ट्रम्पलाई चिठी लेखेर नै यसबाट पछि नहट्न आग्रह गरेका थिए।

***४. कोइला इन्धनको पुनः प्रयोग***

अरु विकसित देशजस्तै अमेरिका पनि कोइला इन्धनको प्रयोगबाट टाढा गइसकेको छ । बेलायतले सन् २०२५ सम्म कोइलाबाट बिजुली उत्पादनलाई पूर्ण रुपमा बन्द गर्नेछ । अमेरिकी कोइला उद्योगमा अब रोजगारी सौर्य उर्जाको तुलनामा आधा बाँकी छ । अर्कोतर्फ विकासशील देशमा अहिले पनि बिजुलीका लागि कोइलामा निर्भर हुनुपर्ने अवस्था छ। तर वायुको गुणस्तर र प्रदुषण प्रति बढ्दै जाने जनआक्रोशले त्यसलाई एक हदसम्म नियन्त्रण गर्नेछ। नवीकरणीय उर्जाका श्रोतहरुको घट्दो मूल्यले उदीयमान अर्थतन्त्रहरुलाई हरित उर्जातर्फ आकर्षित गरिरहेको छ । हालै भारतमा गरिएका लिलामीहरुमा सौर्य उर्जा प्लान्ट निर्माणको खर्च कोइलाबाट बिजूली उत्पादन गर्ने प्लान्टहरु भन्दा औसतमा १८ प्रतिशतले कम रहेको थियो ।

***५. अमेरिकामा कार्बन उत्सर्जन कटौती रोकिने छैन***

पेरिस जलवायु सम्झौताबाट पछि हट्ने राष्ट्रपति ट्रम्पको निर्णय बाहिर आएपनि अमेरिकामा कार्बनको उत्सर्जन घट्दै जानेछ । अहिलेसम्मका प्रक्षेपणमा राष्ट्रपति ओबामाले योजना बनाएभन्दा झण्डै झण्डै आधाले त्यस्तो उत्सर्जन कम हुने ठानिएको छ । किनकी अमेरिकामा उर्जा उत्पादनमा कोइला भन्दा ग्याँसको प्रयोग गर्ने क्रम बढेको छ । जमिनमुनिका चट्टानबाट खनिज तेल र ग्याँस निकाल्ने आधुनिक फ्र्याकिङ विधिमा आएको क्रान्तिकारी परिवर्तनका कारण अमेरिकामा ग्याँस उत्पादनमा वृद्धि भएर मूल्य घटेको छ । सजिलो समेत हुने भएका कारण उर्जा उत्पादकहरुले ग्याँसको प्रयोगलाई रुचाइरहेका छन् ।

अन्त्यमा, जलवायु परिवर्तनबाट सिर्जित समस्यासँग जुध्नका लागि नीतिगत प्रक्रिया र पद्धति निर्माणकका लागि सहयोगी मानिएको पेरिस सम्झौताबाट अमेरिका बाहिरिएपछि यसलाई अघि बढाउन नयाँ चुनौती विश्वसामु खडा भएको छ । यसलाई नेपालले २०७३ असोजमा अनुमोदन गरेको थियो। विश्वको प्रदुषणमा ०.०२७ प्रतिशत मात्र नेपालको हिस्सा छ भने यसमा अमेरिकाको १५ प्रतिशत र चीनको २९.५१ प्रतिशत हिस्सा रहेको छ । विगत एक सय वर्ष (सन् १९०६-२००५) को तापक्रमलाई हेर्ने हो भने पृथ्वीको औसत तापक्रममा ०.७४ डिग्री सेल्सियसले वृद्धि भएको छ र २१ औं शताब्दीसम्ममा १.४ डिग्री सेल्सियसदेखि ५.८ डिग्री सेल्सियससम्मले बढ्ने अनुमान छ।

सन् २०१६ हालसम्म रेकर्ड भएकामध्ये तेस्रो सबैभन्दा गर्मी बर्ष हो भने १३७ वर्षपछिको सबैभन्दा गर्मी बर्ष हो । यसबाट विश्वमा तापक्रमको वृद्धि तिव्र रुपमा भइरहेको प्रष्ट हुन्छ। तापक्रम वृद्धि हुनुको मुख्य कारण कार्बनडाइअक्साइड, नाइट्रसअक्साइड, मिथेन, हाइड्रोकार्बन, जलवाष्प आदि जस्ता हरितगृह ग्याँसको वायुमण्डलमा बढ्दो उत्सर्जन नै हो । सन् १७५० यता वायुमण्डलमा हरितगृह ग्यासमध्ये कार्बनडाइक्साइड, मिथेन र नाइट्रस अक्साइडको मात्रा क्रमशः ३६, १४८ र १८ प्रतिशतले वृद्धि भएको छ। औद्योगिक क्रान्तिको सुरुआत अर्थात् सन् १७५० तिर पृथ्वीको वायुमण्डलमा कार्बनडाइक्साइडको मात्रा २८० पीपीएम (पार्टस पर मिलियन अर्थात् १० लाखको १ भाग) रहेकोमा, वायुमण्डलमा कार्बनडाइक्साइडको सघनता बढेर अप्रिल २०१४ मा ४०१ पिपिएम पुगेको छ ।वायुमण्डलमा कार्बनडाइक्साइडको मात्रा ४५० पिपिएम हुँदासम्म तापक्रम २ डिग्री सेल्सियसले वृद्धि हुने अनुमान गरिएको छ । पृथ्वीको तापक्रम २ डिग्री सेल्सियसभन्दा बढीले वृद्धि भए मानवसमाज तथा पारिस्थितिक प्रणालीले धान्न नसक्ने र यसबाट सम्पूर्ण मानव समुदाय खतरामा पर्नसक्ने आकलन यसअघि नै भइसकेको छ । विश्वमा जलवायुमा हुने यो परिवर्तनको असरबाट विश्वका धनी-गरिब, साना-ठूला, विकसित-अविकसित, भूपरिवेष्टित-समुद्रतटीय सबै राष्ट्र कुनै न कुनै रुपमा प्रभावित छन् । पृथ्वीलाई बचाउनका लागि सचेत पहल गर्ने समय यही नै हो र यस्तो सम्झौताको पूर्ण कार्यान्वयन आवश्यक छ । आजको पुस्ताले जलवायु परिवर्तनका असरलाई आँखा चिम्लनु भनेको पृथ्वीको विनास र भावी सन्ततीको मृत्युपत्रमा हस्ताक्षर गरेसरह बन्ने छ । यसमा अमेरिकी राष्ट्रपति ट्रम्पले जुन गैरजिम्मेवारीपन देखाएका छन्, यसले पूँजीवादीहरु आफ्नो स्वार्थसिद्धीका लागि कसरी निर्लज्ज रुपमा अघि आउँछन् भन्ने प्रष्ट बनाएको छ । उनको यो निर्णयले अमेरिकासहित विश्वमा भावी पुस्तालाई असर गर्नेछ, तर ट्रम्प त्यसका मतियार बनिरहेका छन् । कार्बन उत्सर्जनमा अग्रणी मुलुकहरु यसबाट पछि हटेर गैरजिम्मेवार हुनुले यसको कार्यान्वयनमा थप चुनौती थपेको छ । विश्वव्यापी रुपमा यो निर्णय इमान्दारितापूर्वक कार्यान्वयन गर्न बाध्य बनाउनुपर्दछ । जुन भोलिको पुस्ताका लागि हुनेछ ।

## सामाजिक सञ्जाल



*भिडले क्रान्ति गर्ने होइन, क्रान्ति मुख्यतः सहि विचार र कार्यदिशासहितको भौतिक शक्तिले गर्ने हो । सबै धाराभित्र रहेका मूलतः क्रान्तिकारी छवि भएका र सोही मुताविक लक्ष्य चुम्न आतुर क्रान्तिकारीहरु सबैले विना आग्रह, पूर्वाग्रह वर्ग र विचारलाई केन्द्रविन्दुमा राखेर महान बहस चलाउन जरुरी छ कि आजसम्म भए गरेका राष्ट्रिय-अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलनको जगमा उभिएर अगाडि कसरी बढ्न सकिन्छ ? निर्मम समीक्षा र क्रान्तिकारी रुपान्तरण आज माओवादी आन्दोलनको प्रमुख आवश्यकता बनेको छ ।! –* ***इन्द्र राउत***



*महिनावारी दिवस र गणतन्त्र दिवस दुवै दिवसलाई एकमुष्ठ शुभकामना ! गणतन्त्रको निम्ति जीवन दिने सहिदहरुले कल्पना गरेजस्तो होस् गणतन्त्र, महिलाको शरीरले महिनावारीमार्फत मासिक फ्याक्ने शरीरको फोहोर जस्तो नबनोस गणतन्त्र ! शुभकामना !! –* ***खगेन्द्र छन्त्याल***



*नेपाली जनताका लागि गणतन्त्र आएकै छैन, यो नाम गणतन्त्र राखिएको अहिलेको व्यवस्था केही दलाल, भ्रष्ट, शोषकका लागि मागिखाने भाँडो बनेको छ । शाहीतन्त्रभन्दा पनि निरंकुश, लाथालिंग र भताभुंग बनेको छ देश । राजनीति अब लाजनीति बनेको छ, दुई चार जना टाउके मोटाउँदैमा गणतन्त्र हुँदैन । जनअधिकारसहितको गणतन्त्र स्थापनाको दिशामा दृढतापूर्वक अघि बढौं ।–* ***केशरमणि कटवाल***



*हे नेपाललाई साँच्चिकै माया गर्ने देशभक्तहरु अन्धराष्ट्रवादी चेतनाले देशलाई टुक्राटुक्रा पार्दै गइरहेकोछ यसको विरुद्ध जागरण अभियान चलाउन ढिला नगरौं। ३ सन्दर्भ मिस नेपाल पदक र प्रतिक्रिया ३–* ***यादव शिवराम***



*पछिल्लो समय फेसबुक हेर्ने हो भने शिक्षित तथा वौद्धिक व्यक्तित्वहरू समेतबाट असहिष्णु विचार र फरक मतप्रति अतिघृणा र तिरस्कार व्यक्त भाको देखिन्छ । आफू अनुकुल देश, काल, परिस्थिति र घटनाक्रमको व्याख्या विश्लेषण गर्ने राजनीतिक दलहरूप्रतिको आशक्तिले न मुलुकको विकास सम्भव छ, न व्यक्तिगत सम्बन्ध । विनाशकाले विपरित बुद्धि... –* ***रामकृष्ण शर्मा***



*क्रान्ति तीन प्रकारको हुन्छ । एक- सफल क्रान्तिले समृद्धि तिर लैजान्छ। दुई- असफल क्रान्तिले बेलैमा बाटो बदल्न प्रेरित गर्छ । तीन- गिजोलिएको क्रान्तिले हामीरसमाजलाई सधैंभरि घुमाई राख्छ । –* ***गणेश चितौरे***



*निर्वाचन आयो गनै धाँधलीको मतियार बनेपछि अब त्यसको उपचार खोज्नु पर्ने भो ! सडक, सदन र कानुनी एकैसाथ । -* ***काफ्ले ईश्वरी***



*म कसैले ल्याईदिएको गणतन्त्र उपभोग गरिरहेको छैन,यसले दिएका जति अधिकार प्रयोग गरेको छु त्यसका लागि म आफै लडेको हुँ, मेरो पनि यो गणतन्त्रका लागि रगत र पसिना बगेको छ । कुरा के हो भने म जस्ता अरु हजारौं लाखौं मान्छे विभिन्न जोड कोणबाट गणतन्त्रका लागि लडेका थिए र ती सबै जोड कोणको योगको परिणाम हो गणतन्त्र । दुःखको कुरा जसले ज्यान दिएर गए तिनले सपना देखे जस्तो र हाम्ले पनि सोंचे जस्तो भएन । #गणतन्त्र #दावी #अपेक्षा र #अवस्था । –* ***दीपेन्द्र कुँवर***



*भरतपुरमा मत पत्र च्यात्नेहरुले गणतन्त्र दिवसको दिन तक्मा पाए की पाएनन् कुन्नी ? खास दिनु पर्ने चाही तिनिहरुलाई हो ।-* ***मनोज श्रेष्ठ***



*अयोधी प्रसादको निकम्मापन कि राजनैतिक पक्षधरता ।*

*भरतपुर १९मा फेरि मतदान रे ! –* ***सुरेश गौतम***



*स्थानीय तहबाट हेर्दा भरतपुर महानगरपालिका रेणु दाहाल र देवी ज्ञवालीका बीचको युद्ध हो । राष्ट्रियस्तरबाट हेर्दा पुष्पकमल दाहाल 'प्रचण्ड' र केपी शर्मा ओलीबीचको युद्ध हो भने अन्तर्राष्ट्रियस्तरबाट हेर्दा बेइजिङ (चीन) र दिल्ली (भारत) का बीचको युद्ध हो । यसलाई सी जिन पिङ र नरेन्द्र मोदीबीचको संघर्षका रूपमा लिनु वस्तुसंगत हुन्छ । निर्वाचन आयोगले शीघ्र निर्णय गर्न नसक्नु पनि यही कारण हो । -* ***खेम थपलिया***

# क्रान्तिको झन्डा र साहित्य



● हिरामणि दुःखी

साहित्य लेख्नु भनेको क्रान्तिका लागि विचार निर्माणको आधार तयार गर्नु र जनतामा वर्गचेतना जागृत गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्नु हो । क्रान्तिको निम्ति विचार पहिलो र महत्वपूर्ण हतियार हो । विचारले नै क्रान्तिका साधनहरू जुटाउँछ । त्यसैले साहित्य जनताका निम्ति लेखिनु पर्छ र यसले जनताको सेवा गर्नु पर्छ । जनताको सेवा नगर्ने साहित्य, साहित्य होइन । त्यो बुर्जुवा वौद्धिक विलासको साधन र सस्तो मनोरन्जन दिने वस्तु मात्र बन्न पुग्छ । अझ प्रगतिशील तथा प्रगतिवादी भावधारामा आधारित साहित्य, कला र संस्कृतिको कुरा गर्ने हो भने त यो मालेमावादी विचारधाराले दीक्षित र निर्देशित हुनु जरुरी छ । प्रगतिवादी साहित्यको प्रस्थान बिन्दु समाजवादी यथार्थवाद हो । हाम्रो देशको सन्दर्भमा र अहिले लेखिने साहित्य नवीन यथार्थवादी हुनु पर्छ । यो अहिलेको समाजवादी यथार्थवाद हो ।

यतिवेला क्रान्तिको झण्डा मुर्झाएको छ । ठूलो त्याग र बलिदानी युक्त युद्धलाई क्रान्तिनायकबाटै प्रतिक्रान्तिमा ब्यापार गरेपछिको उत्पन्न निरासा, कुण्ठा र पलायनताले क्रान्तिको झण्डा मुर्झाउने परिवेश निर्माण गरिदिएको हो । प्रगतिवादी साहित्य, कला र संस्कृतिको विकास र संरक्षण गर्दै निरन्तर क्रान्तिको सिद्धान्तलाई आत्मसात गर्दै अघि बढ्नु सच्चा क्रान्तिकारी साहित्यकर्मीहरूको दायित्व रहन गएको छ । हाम्रो कलम साहित्यलाई भाग्य र कर्मवादमा घोलेर जनतालाई पिलाउने वैचारिक विषका विरुद्ध खरो उत्रनु पर्छ । भौतिकवादी द्वन्द्ववादका आधारमा यथार्थको चित्रण र त्यसद्वारा समाजको रूपान्तरणकारी भूमिका निभाउने साहित्य सिर्जना गर्नु पर्छ । अर्कातर्फ साहित्य र कला केवल सस्तो मनोरञ्जन र बुद्धिविलासको साधनको रूपमा उपयोग गर्ने पुरातनपन्थी एवम् यथास्थितिवादी प्रवृत्तिका विरुद्धमा माओले भन्नुभएजस्तै 'साहित्य र कला जनसमुदायको सेवाका निम्ति' भन्ने कुरालाई दृढतापूर्वक आत्मसात गर्ने साहित्यको विकास गर्न प्रगतिवादी स्रष्टाहरू एकढिक्का भएर लाग्नुपर्छ ।

अहिलेको समय नेपाली जनताका निम्ति अत्यन्तै पेचिलो र चुनौतीपूर्ण बनेर उभिएको छ । जनतामा जागृत हुँदै गएको प्रगतिवादी भावधारालाई विखन्डित गर्न र त्यसलाई एक्लो बनाएर समाप्त पार्नका निम्ति मार्क्सवादी कला चेतनालाई नै विकृत बनाउने प्रयत्नहरू भइरहेका छन् । प्रतिकृयावादीहरूको कूलधर्म नै हो कि जनतामा भ्रम छर्ने, गोलमाल पार्ने र सखाप पार्ने । त्यसैले उनीहरू जनताप्रति सङ्लिँदै गएको वातावरणलाई धुमिल्याउने कसरत गरिरहन्छन् । यो प्रष्ट बुझिने कुरा हो । संसोधनवादीहरू पनि अन्ततः निर्णायक मोडमा पुग्दा प्रतिकृयावादी वर्गकै विचारधारामा गएर मिसिन्छन् । अफसोच र विडम्बनाको कुरा त के छ भने क्रान्तिकारी पार्टी र विचारभित्रको सुधारवादी चेताना र संस्कृति निकै जटिल र चुनौतीपूर्ण हुँदो रहेछ । यो त निल्नु न ओकल्नु जस्तो भएर घाँटीमा अड्कँदो रहेछ । अहिले प्रगतिवादी विचार र संस्कृतिभित्रको मूल समस्या यही बनेको छ । वस्तुगत अवस्था जतिसुकै अनुकूल भएपनि क्रान्तिकारीहरूमा आत्मगत परिस्थिति तयार नहुने हो भने क्रान्ति सुदूर भविश्यको विषय बन्दै जान्छ । अर्को कुरा क्रान्तिकारीहरूमा क्रान्तिको निसाना छनौटमा एकरूपता पैदा हुन सकेन भने त्यसले एकातर्फ स्वयम् क्रान्तिकारीहरूमा विभाजित मनोविज्ञान पैदा गर्छ भने अर्कातर्फ मध्यमवर्गीय तप्काको ठूलो हिस्सालाई क्रान्तिमा गोलवन्द गर्न सक्तैन । यसले क्रान्तिको विषयमा द्विविधा र संशय पैदा गर्छ र निर्णायक धक्काको समय पछाडि पछाडि धकेलिंदै जान्छ । फलश्वरूप क्रान्तिका लागि समय आइनसकेको भन्ने तर्कले सार्थकता पाउँछ र क्रान्ति सुधारवादको दलदलमा नराम्रोसँग भासिँदै जान्छ । विश्व कम्युनिस्ट आन्दोलनमा यो रोगले निकै बलियो जरा गाड्दै आएको छ । अहिले हाम्रो देशको क्रान्तिकारी आन्दोलनमा पनि यो रोग सङ्क्रमित भएर पसेको छ र फैलने कोसिस गरिरहेको छ ।

इतिहासको विभिन्न कालखण्डमा जनताले निरंकुस र फासिवादी शासनसत्ताका विरुद्ध त्याग र बलिदानीपूर्ण सङ्घर्ष गर्दै आएका छन् । तिनै सङ्घर्षका गाथाहरूलाई पछ्याउँदै पचासको दसकदेखि यता निकै पेचिलो र चुनौतीपूर्ण ढङ्गबाट सञ्चालित वर्गसङ्घर्षद्वारा प्राप्त जनताका उपलब्धिहरूको अपहरण गर्ने र समाजलाई यथास्थितिमै फर्काउने षड्यन्त्रहरू प्रतिगामी कित्ताबाट भइरहेका छन् । यस्ता षड्यन्त्रहरू विगतमा अँध्यारो कुनाबाट मन्चन गरिन्थ्यो भने अहिले खुलेआम नाङ्गो तरिकाले गरिएको छ । जसले गर्दा जनताले प्राप्त गरेका जनतन्त्रका सीमित उपलब्धिहरू पनि गुम्ने र राष्ट्रिय स्वाधीनता झन् पछि झन् खतरामा पर्दै जाने भएको छ । यसप्रकारको आक्रमणमा साम्राज्यवाद र भारतीय विस्तारवादको हस्तक्षेप तीव्र बन्दै गएको छ भने घरेलु प्रतिकृयावादीहरूले उनीहरूको दलाली गरेर



राष्ट्रिय आत्मसमर्पणवादी संस्कृतिको विकास गरिरहेका छन् । अब कलमजीवी सिपाहीहरू आफ्ना कलम, मादल र सारङ्गीहरूलाई तिखारेर, माझेर र अझ तेजिलो स्वर उरालेर जनतालाई सचेत बनाउनुपर्ने भएको छ । साथै विगतमा जनयुद्धले निर्माण गरेको संस्कृतिको संरक्षण गर्दै रातो लालटिनको सांस्कृतिक इतिहासलाई निरन्तरता दिनुपर्ने भएको छ ।

यतिखेर नेपाली कम्युनिस्ट आन्दोलनका एकाथरी नेतादेखि कार्यकर्तासम्ममा वैचारिक स्खलनता आएको छ । शान्ति प्रकृयामा आएपछि उनीहरूमा प्राप्त भएको भौतिक परिवेसले क्रमशः चेतनामा स्खलनता ल्याइदिएको हो । यो वस्तुले चेतना निर्धारण गर्छ भन्ने द्वन्द्ववादी भौतिक विज्ञानले पुष्टि गरेको कुरा हो । आर्थिक अपारदर्शिता, अनियमितता, दण्डहिनता, अराजकता र गुटगत चेतनाका कारण वैचारिक स्खलनता आयो र त्यसले कम्युनिस्ट आदर्श, मूल्य, मान्यता र सपनाप्रति नै विचलनता ल्यायो । क्रान्तिकारीहरूलाई जडतावादी देख्नु र सिर्जनात्मक मार्क्सवादको रटान लगाउनु नै त हो नवसंशोधनवाद । यो भन्दा पनि अझ डरलाग्दो कुरा त के छ भने जनयुद्ध र जनआन्दोलनबाट प्राप्त उपलब्धिहरूको संस्थागत विकास गर्दै अघि बढ्नुपर्छ भन्ने नाममा प्रकारान्तरले 'लोकतान्त्रिक गणतन्त्र'मै क्रान्तिलाई सीमित गर्ने र त्यसैमा गोलचक्कर लगाउने प्रयत्न हुनु आमूल परिवर्तनकारी क्रान्तिका निम्ति घातक कुरा बन्न गएको छ । सिर्जनात्मक मार्क्सवादको रटान लगाउँदा लगाउँदै एउटा धारा मार्क्सवादलाई नै तिलाञ्जली दिएर कम्युनिस्ट विचार नै गलत भनेर हिँडेको छ भने अर्को धारा संसदीय व्यवस्थाको प्रवक्ता बनेर फासिवादतर्फ उन्मुख भइरहेको छ । जनयुद्धलाई जनविद्रोहमा वदल्ने भनेर शान्ति प्रकृयामा आएको शक्तिको मुख्य नायकहरूको पङ्क्ति नै यसरी एकाएक आफैं प्रतिक्रान्तिको बाहक बनेर हिँडेपछि जनतामा नैरास्यता छाउनु, अविश्वासको दरार पैदा हुनु, कार्यकर्ताहरूमा पलायनता आउनु र निरास बन्नु स्वाभाविक हो । अहिले त्यहाँ भएको छ ।


विचारमा स्खलनता आएपछि संस्कृति, कला र साहित्यमा पनि स्खलनता आउँदो रहेछ । नेपाली कम्युनिस्ट आन्दोलनको एउटा धारा २०४६ को पञ्चायती व्यवस्थाको अन्त्य पछि आएको बहुदलीय कालदेखि नै विचारबाट विचलित भएको थियो । त्यो धाराका केही व्यक्ति विशेष बाहेक सबै संस्कृतिकर्मी र साहित्यकारहरूमा पश्चगामी विचार हावी भएको छ । उसले लेख्ने साहित्य पनि पश्चगामी र यथास्थितिवादी मात्रै रहेको छ । त्यसैगरी अहिले माओवादी धाराबाट विचलित भएको धाराका संस्कृति, कलाकर्मी र साहित्यकारहरूमा पनि विचारधाराबाट तीव्र स्खलित हुँदै छ र त्यसले पनि यथास्थितिका पक्षमा कलम चलाउँदै छ । क्रान्तिको धङधडी बचेकाहरूमा केही मात्रामा अग्रगामीपना देखा परे पनि मूलरूपमा यो पङ्क्ति द्विविधायुक्त मनस्थितिमा गुज्रिरहेको छ । विचार र राजनीति पश्चगमनतर्फ गएको छ र त्यो प्रतिक्रियावाद उन्मुख हुँदै छ भने साहित्यकारहरूमा ढुलमुलपन देखा पर्छ । यो पङ्क्ति निरास, अकर्मण्य, ढुलमुल, हतास, कुण्ठाग्रस्त र सत्तालिप्साको तीव्र आङ्क्षीका रूपमा देखा परेको छ । आज यसका विरुद्ध हाम्रो साहित्य अझ बढि खरो र धारिलो भएर आउनु जरुरी छ । हामी साहित्य लेख्छौँ समाज रूपान्तरणका लागि । हाम्रो साहित्यले नवीन यथार्थको चित्रण गर्छ र त्यसको भावधारा पकड्छ । यसरी मात्र हाम्रो साहित्यको सार्थकता रहन्छ ।

वर्गीय समाजमा हरेक कुरा वर्गीय हुन्छन् भन्ने कुरा मार्क्सवादको कखराजस्तै सास्वत तथ्य हो । त्यसैले हाम्रो साहित्य, कला, सङ्गीत र सम्पूर्ण सांस्कृतिक पहलुहरू पनि वर्गअनुरूप आआफ्नो पक्षधरतामा खडा भएका हुन्छन् । हुनु पर्छ । हाम्रो समाज पनि वर्गविभाजित छ । जसका कारण यहाँ वर्गसङ्घर्ष झन्पछि झन् निर्मम् र पेचिलो बन्दै गएको छ । यस्तो परिस्थितिमा हाम्रा कलम कतातिर भन्ने प्रश्न जब उपस्थित हुन्छ त्यो बेला हामीले भन्नैपर्छ कि हाम्रो कलम जनतातिर । एकातर्फ देशमा अशान्ति, असुक्षा, अराजकता, दण्डहीनता, हत्या, आतङ्क, लुटपाट, चोरी, डकैती, अपहरण, फिरौतीकाण्ड, वलात्कार आदि जघन्य आपराधिक कृयाकलापहरू दिनहुँ बढिरहेका छन् भने अर्कोतर्फ दमन र राज्यआतङ्क पनि यथावत नै छ । यो सबैको कारकतत्व पछ्यौटे र असमान आर्थिक अवस्थाले निम्त्याएको गरिबी, अभाव, अशिक्षा, बेरोजगारी, वर्गीय, जातीय, क्षेत्रीय र लैङ्गिक विभेदको परिणाम हो, जो प्रतिक्रियावादी शासनसत्ताका उपज हुन् भन्ने कुरा हाम्रो लेखनकर्ममा अभिव्यक्त हुनुपर्छ । अहिलेको शाषनसत्ता पनि प्रतिक्रियावादी वर्गकै हातमा छ । जतिसुकै क्रान्तिकारी भनिएका नेताका हातमा शाषनसत्ताको एउटा अङ्ग सरकार भएता पनि वर्तमान राज्यसत्ताको मूल चरित्र प्रतिक्रियावाद नै हो । यो कुरा हाम्रो साहित्यमा अभिव्यक्त हुनु पर्छ । त्यसका साथै निकासको प्रश्न पनि हाम्रो लेखनबाट प्रस्ट्याइनु पर्छ । तब मात्र त्यसले जनताको सेवा गर्न सक्छ । अन्यथा हाम्रो साहित्य पनि केवल बौद्धिक विलासको साधनमा सीमित हुन पुग्छ । यसप्रति हाम्रा सबै स्रस्टाहरू सजग र सचेत रहनु पर्छ । आउनुहोस् हामी यो मर्मलाई आत्मसात गरौँ र एकसाथ समाज रूपान्तरणको यो अभियानमा लामवद्ध हौँ । यहाँनेर साहित्य सिर्जना गर्दा हामीले बिर्सन नहुने कुरा के छ भने जनयुद्ध सिर्जित नवीन यथार्थको भावधारालाई आत्मसात गर्नु र त्यसको गहिरो अध्ययन, चिन्तन, मनन् गर्दै त्यसले स्थापित गरेका मूल्य मान्यताहरूलाई आत्मसात गर्नु र जीवनव्यवहारमा लागू गर्नु हो । यसलाई शब्द र कर्मको मेल पनि भनिन्छ । हाम्रा कयौँ प्रगतिशील वा प्रगतिवादी साहित्यकारहरूमा शब्द र कर्मको पर्खाल निकै ठूलो भएको पाइन्छ । त्यो पर्खाल भत्काउने कोसिस गरौँ ।

देशमा भइरहेका सबैखाले शोषण, उत्पीडन र दमनका विरुद्ध नेपाली मुक्तिकामी जनताले धेरैपटक ठूलठूला त्याग र बलिदानीपूर्ण सङ्घर्षहरू गरे । ती सबै सङ्घर्षहरूलाई हरेक पटक सम्झौतामा लगेर तुहाइयो । जनता जहाँको तहीँ रहन बाध्य भए । पचासको दसक यता भएको बलिदानीपूर्ण सङ्घर्ष नेपालको इतिहासमा निकै ठूलो, भारी महत्व र मूल्यको रहेको छ । जसको जगमा नै नेपालबाट सामन्तवादको नायक घोडाबाट खसालियो । यो कुरा सबैलाई ज्ञात भएकै विषय हो । परन्तु, नेपाली जनताले पूर्ण मुक्तिको श्वास फेर्न नपाएको वर्तमान परिवेशमा जनताले प्राप्त गरेका सीमित उपलब्धिहरूलाई पनि अपहरण गर्ने षड्यन्त्रहरू भइरहेका छन् । तसर्थ हामीले निरन्तर क्रान्तिको झन्डा उठाउने चेतना निर्माण गर्नु पर्नेछ । यी तथ्यहरू हाम्रा वर्तमानका गम्भीरतम् चुनौतीहरू हुन् । फेरि एकपटक क्रान्तिको विगुल फुक्न हाम्रा सबै सांस्कृतिककर्मी, साहित्यकार, कलाकारहरूका कलम तिखारिनु आवश्यक छ । यसले माओले भन्नुभएको कुरा 'यसले क्रान्ति आउनुभन्दा अघि विचारधारात्मक रूपले भूमि तयार पार्दछ र यो क्रान्तिको बेलामा व्यापक क्रान्तिकारी मोर्चामा महत्वपूर्ण, साँच्चै आवश्यक र सङ्घर्षशील एक मोर्चा' बन्न पुग्छ । त्यो बेला सबैखाले संसोधनवाद, सुधारवाद र अवसरवाद समाप्त भएर जानेछन् । क्रान्तिको व्याज खाएर बनेका नवसामन्त र नवपुँजीपतिहरू पनि जनयुद्धमा जस्तै क्रान्तिका निसाना बन्ने छन् । ०७४/०२/१९

## कविता


### सहिद



▸ कृष्ण सेन 'इच्छुक'

*आकाशका असंख्य ताराहरू मध्ये*
*एउटा तार झरेर जाँदैमा केही फरक पर्दैन*
*तर त्यो तारा यदि तिमी भए कुरो अर्कै हो*
*वगैचाका असंख्य फूलहरूमध्ये*
*एउटा फूल ओइलिएर जाँदैमा केही फरक पर्दैन*
*तर त्यो फुल यदि तिमी भए कुरो अर्कै हो*
*पानसका असंख्य ज्योतिहरूमध्ये*
*एउटा ज्योति निभेर जाँदैमा केही फरक पर्दैन*
*तर त्यो ज्योति तिमी भए कुरो अर्कै हो*
*तिमी असंख्य ताराहरू मध्ये कीर्तिमय तारा 'ध्रुवतारा' हौ*
*तिमी असंख्य फूलहरूमध्ये सुन्दरफूल लालीगुराँस हौ*
*तिमी असंख्य ज्योतिहरूमध्ये चम्किलो ज्योति महाज्योति हौ*
*प्रिय सहिद ! तिमी महान छौ, श्रद्धेय छौ, अमर छौ*
*र युगयुग सदासर्वदा अमर रहनेछौ*

### "गणतन्त्र"



▸ बसन्त बोगटी

*हर्के दमाईको छोरो*
*पुड्के दमाई*
*पश्चिमी पहाडमा ढल्दै गर्दा*
*शाही जल्लादको खोरमा*
*थुनिएको हर्केले*
*सिङ्गो संसारै*
*अँध्यारो देख्यो !*
*डिल्ले सार्कीको छोरो*
*जुल्फे सार्की*
*जुत्तामा रङ्ग भर्दै गर्दा*
*आतंककारी भयो !*
*बुढी सकिनिको काखैबाट खोसेर*
*मारिएको थियो*
*त्यस आतंककारी लाई ।*
*कति नमिठो मृत्यु भोग्यो विचराले ।*
*स्याउला काट्न जङ्गल गएकी*
*खर्कघरे जेठाकी जहान*
*श्वेत सत्ताका लठैतहरुको*
*सामुहिक यौन सिकार बनिन ।*
*त्यही साल गाउँ छोडेर हिडेको जेठाको*
*आज सम्म अत्तो पत्तो छैन ।*
*त्यो समय मृत्यु एउटा ठट्टा थियो ।*
*शासकहरु मजाक उडाउथे जिवनको*
*र मान्छेका टाउकाको मूल्य राख्थे !*
*साच्चै निकै ठूलो बर्बरता पछि*
*जउदा मान्छेहरुको रगतको आहलमा लतपतिदै*
*जन्मिएको हो गणतन्त्र*

## के चुनावको...

पनि निरन्तरता दिनुका साथै जनताका समस्याहरु यथासम्भव इमान्दारीताका साथ हल गर्न प्रयत्न गर्ने भन्ने रहेको छ । यसका साथै चुनावी तालमेलका सवालमा चारवटा संसदीय पार्टीहरु काँग्रेस, एमाले, माके र राप्रपासँग देशैभरि कुनै पनि स्तरको तालमेल नगर्ने र अरु पार्टीहरुका हकमा अवस्था हेरी स्थानीय स्तरमा मात्र माथिल्लो निकायको स्वीकृतिमा तालमेल गर्न सकिने नीति पारित गरेकोमा सोहि अनुसार व्यवहारमा यसलाई पूर्ण रुपमा लागू गर्ने काम भएको छ । क्रान्तिकारी उपयोग गर्ने क्रममा पार्टीका नीतिलाई पहिलो प्राथमिकतासाथ जनतामा लाने र जितहारको कुरा दोस्रो प्राथमिकतामा राख्ने निर्णय गरिएकोमा सोही अनुसार देशैभरि पहिलो चरणको चुनावमा यसलाई लागू गर्ने काम भएको छ ।

संसदीय व्यवस्था र संसदीय दलहरु कति निर्लज्ज हुँदा रहेछन् भन्ने कुरा चुनावी प्रक्रियामा प्रष्ट देखिएको छ । एकातिर निर्वाचन आयोगमा दलहरुलाई दर्ता गर्न दिएर चुनाव चिन्ह पनि दिने काम भयो तर स्थानीय निर्वाचन ऐन ल्याएर संसदमा उपस्थित दलहरु बाहेक अरु सबै दलहरुको चुनाब चिन्ह खोस्ने काम भयो । संविधानमा दलहरु खोल्न पाउने लोकतान्त्रिक अधिकारभित्र यसलाई समावेश गरिएको भएतापनि चुनाव चिन्ह खोस्ने कामले लोकतान्त्रिक गणतन्त्रको धोती राम्रैसंग खुस्किएको छ । देजमो निर्वाचन आयोगमा दर्ता प्रक्रियामा गए तापनि हँसिया हथौडा तारा चुनाव चिन्ह मार्फत दलको हैसियतले औपचारिक रुपमा चुनावमा जान पाएन । स्वतन्त्र उम्मेदवारको रुपमा चुनाव चिन्ह लिएर भण्डाफोरमा जाँदा असहजताको सामना गर्नु पर्ने परिस्थिति पैदा भयो । एउटा वडामा चुनावमा सहभागी हुँदा वडा अध्यक्षको एउटा चिन्ह र बाँकी चार जना वडा सदस्यहरुको चार थरी चुनाव चिन्ह, त्यसमा पनि सयौँ चुनाव चिन्हहरुका बीचमा वडाका पाँचवटा चुनाव चिन्ह हुँदा प्रचारप्रसार गर्न र भोटरसलाई भोट हाल्न मुस्किल बन्न पुग्यो । ठुला भनिएका संसदीय दलहरुका यस्तो षड्यन्त्रमा संसदका सबै दलहरु सहभागी भए । साना संसदीय दलहरुले त यसको परिणाम पछि भोग्नु नै पर्ला । तर यसकै कारणले चुनावमा दलगत हैसियतले सहभागी हुन पाउनु पर्ने र यसका लागि चुनाव चिन्ह अनिवार्य रुपमा दिइनु पर्ने मागसहित आन्दोलनरत ६८ दलहरु मध्य दुईवटा मात्र चुनावमा सहभागी हुने काम भयो । एउटा देजमो स्वतन्त्र चुनाव चिन्ह लिएर भण्डाफोरमा सहभागी भयो भने अर्को नयाँ शक्ति अर्कै पार्टीको मशाल चुनाव चिन्ह लिएर निर्वाचनमा सहभागी भयो ।

जहाँसम्म क्रान्तिकारी उपयोग र चुनावी परिणामको कुरा छ, छोटो तयारी र छोटो समयको बीचमा पर्याप्त भण्डाफोर गर्न नसकेको, चुनावी चिन्ह नहुँदा चुनावमा जान जटिलता पैदा भएको, देजमोलाई नेकपा (क्रान्तिकारी माओवादी) वा वैद्य माओवादीको संयुक्त मोर्चा भनेर जनतामा स्थापित भैनसकेको कारण पार्टीगत रुपमा जनताको भोट प्राप्त नहुनु आदि कारणले पहिलो चरणको चुनावमा चुनाव लडिएका ठाउँहरु मध्येबाट केहि वडाहरुमा मात्र विजय हासिल भएको छ । तर पार्टीले अर्को प्रमुख उद्देश्यको रुपमा संगठन विस्तार गर्न वातावरण निर्माण गर्ने भन्ने थियो, यसमा भने महत्वपूर्ण नतिजा प्राप्त भएको छ । पहिलो चरणको चुनावको अनुभवबाट दोस्रो चरणको चुनावका लागि शिक्षा लिएर क्रान्तिकारी उपयोगको तयारीमा लाग्न जरुरी छ ।

यसरी हेर्दा एउटा क्रान्तिकारी पार्टीले लिएको नीति र यसले खेल्नु पर्ने भूमिका मूलतः सफतापूर्वक सम्पन्न गरेको छ र क्रान्तिकारी उपयोगका लागि जोजो कमरेडहरु चुनावी मैदानमा पार्टीको नीति लागू गर्न अगाडि बढ्नु भयो, वहाँहरु बढाईका पात्र बन्नु भएको छ । नेकपा (क्रान्तिकारी माओवादी) नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने दिशामा इमान्दारीतापूर्वक र साहसका साथ निरन्तर रुपमा लागिरहनेछ । यसरी हेर्दा क्रान्तिकारी माओवादीले चुनावको क्रान्तिकारी उपयोग गर्दा संसदवादी हुन पुगेको देख्नु उनीहरुको राजनैतिक दिवालियापन मात्र हो, होइन भने तिनको पुर्वाग्रह मात्रै भएको कुरा पुष्टि हुन्छ ।

## पाँच...

क्षति पुगेको छ ।

अधिकारीहरुले जर्मनीसहित जापान, फ्रान्स, टर्कीलगायत देशका दूतावासहरुमा समेत क्षति पुगेको छ । जर्मन दुतावासनजिकै विस्फोट भएपनि दुतावासका कोही कर्मचारीको हताहती भने भएको छैन ।

यो आक्रमणमा पाँच जना नेपाली समेत घाइते भएका छन् । यद्यपि उनीहरुको नाम सार्वजनिक भएको छैन । अफगानिस्तान जान सरकारी अनुमति नरहेका कारण नाम थाहा नभएको परराष्ट्र मन्त्रालयको भनाई छ । यो आक्रमणको कुनै समूहले जिम्मा लिएका छैनन् । अफगानिस्तानमा यसअघि पनि यसरी ठूलो संख्यामा सर्वसाधारणको मृत्यु हुने घटनाको कसैले जिम्मेवारी लिने गरेका थिएनन् । तालिबानका प्रवक्ता जाबिउल्लाह मुजाहिदले यो आक्रमणमा तालिबानको संलग्नता नरहेको जनाएका छन् ।

आक्रमणमा परी अफगानिस्तानको टोलो न्युज एजेन्सीका कर्मचारी अजिज नवीन मारिएका छन् भने बीबीसीका एक सवारी चालक र चार जना पत्रकार घाइते भएका छन् । बीबीसीका सवारी चालक मोहम्मद नाजीरको मृत्यु भएको हो । जर्मन दुतावासमा कार्यरत एक जना अफगानी सुरक्षा गार्ड समेत सो विस्फोटमा मारिएका छन् ।

अत्याधिक सुरक्षा जाँच हुने सो क्षेत्रमा अधिकांश समय ट्राफिक जाम हुने गर्दछ । अफगान अधिकारीहरुले अत्याधिक ट्राफिक जाम र भिडभाड हुने सोही क्षेत्रमा गराएको विस्फोटका कारण ठूलो मानवीय क्षति पुगेको जनाएका छन् ।

विस्फोटलगत्तै सो स्थानमा केही सवारी साधनमा आगो लागेको, भवनहरु क्षतिग्रस्त भएको देखिएको थियो । विस्फोट भएको १ सय मिटर भित्र रहेका भवनहरुमा समेत क्षति पुगेको जनाइएको छ । धेरै लोड भएका सवारी साधनमाथि सो क्षेत्रमा दैनिक कडा चेकचाँच हुने गर्दछ भने सुरक्षाफौजको पूर्व स्विकृति बिना सो क्षेत्रमा यस्ता सवारी साधन गुडाउन अनुमति समेत छैन ।

**अन्त्येष्टिमा सहभागी २० जना मारिए**

अफगानिस्तानको राजधानी काबुलमा अन्त्यष्टि कार्यक्रममा सहभागी भइरहेका सर्वसाधारणलाई लक्षित गरी तीन वटा शक्तिशाली बम विस्फोट गराइएको छ । सो विस्फोटमा परी २० जनाको मृत्यु भएको छ भने अन्य ३५ जना घाइते भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

काबुलमा बुधबार भएको शक्तिशाली बम विस्फोटमा करिब ९० जना मारिएको विरोध र सुरक्षा व्यवस्थामा ध्यान दिन माग गर्दै भएको प्रदर्शनमा मारिएका सिनेटर मोहम्मद आलम इजयायरका छोराको सराई शमाली क्षेत्रको तापा मार्शल फाहिमा कब्रस्थानमा अन्त्यष्टि गर्न लगिदै गर्दा यो विस्फोट भएको हो ।

काबुलमा मारिएकाहरुको अन्त्यष्टिमा अफगानिस्तानका प्रमुख कार्यकारी अब्दुल्लाह अब्दुल्लाहसहित सरकारका वरिष्ठ अधिकारीहरु सामेल भएका थिए । काबुलको व्यस्त क्षेत्रमा आक्रमण भएपछि सो क्षेत्रमा प्रदर्शनमा रोक लगाएको छ । अन्त्यष्टि कार्यक्रमअघि नै हमलाको धम्की आएको भन्दै सरकारले सहरको केन्द्रमा ठूलो भीड जम्मा हुन रोक लगाएको थियो ।

सेनाका काबुल पोस्ट कमाण्डर गुल नाबी अहमदजाईले शनिबार बिहानै भनेका थिए, 'हामीसँग हाम्रा शत्रुहरुले संगठित समूह र प्रदर्शनमाथि हमला गर्ने प्रयास गरिरहेको गुप्तचर सूचना छ । हामीलाई आम सर्वसाधारण प्रर्दशनबाट टाढा रहने विश्वास छ ।'

## संसदवादी...

यस्ता घटना हुन नदिने सुनिश्चितता गर्न सक्नुपर्दथ्यो । मतपत्र नै च्यातिसकेपछि पुनः मतदानको अर्को विकल्प कानुनले नदिएकाले आयोगलाई गाली गर्नु तर्क संगत हुँदैन ।

**निर्वाचन ऐनमा के छ ?**

निर्वाचन आयोगले आफ्नो निर्णयमा उल्लेख गरेको स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ५० को उपदफा (१) को खण्ड (ख) मा 'देहायका अवस्थामा मतगणना स्थलको अनधिकृत कब्जा भएको मानिनेछ' भन्दै यस्तो लेखिएको छ–'कसैले बल प्रयोग गरी वा नगरी मतगणना कार्यमा खटिएको निर्वाचन अधिकृत वा कर्मचारीलाई आफ्नो कर्तव्य पालना गर्न नदिएमा वा निजको जिम्मामा रहेको मतपत्र, मतपेटिका वा मतगणना सम्बन्धी अन्य सामग्री खोसेमा वा अन्य त्यस्तै कार्य गरी मतगणनाको कार्य निष्पक्ष तथा स्वतन्त्र रुपमा सामान्य ढङ्गले सञ्चालन नहुने वा हुन नसक्ने गरी प्रभावित गरेमा'

*ऐनको सोही दफाको उपदफा (४) मा यस्तो लेखिएको छ-*

'आयोगले उपदफा (२) बमोजिमको प्रतिवेदनको आधारमा वा उपदफा (३) बमोजिम जाँचबुझ गर्न खटाइएको आयुक्त वा अनुगमन टोलीको प्रतिवेदनको आधारमा त्यस्तो मतगणनास्थल उपदफा (१) बमोजिम अनधिकृत तवरले कब्जा भएको भन्ने ठहर्याएमा त्यसरी कब्जाबाट असर परेको मतदान केन्द्रहरुको सम्पूर्ण मतपत्रहरु अवैध घोषित गरी मतदान रद्द गर्न सक्नेछ ।'

*सोही ऐनको उपदफा (२) मा यस्तो व्यवस्था छ-*

'उपदफा (१) बमोजिम मतगणना स्थलको अनधिकृत कब्जा भएमा निर्वाचन अधिकृतले मतगणनाको कार्य तत्काल स्थगित गरी त्यसको प्रतिवेदन आयोगलाई तुरुन्त दिनु पर्नेछ ।'

पुनः मतदान हुन नदिन अहिलेको यो ऐनलाई संशोधन गर्नु आवश्यक छ । एमाले समेतको सहमतिमा बनेको ऐनलाई एमालेले नै किन पालना नगर्ने भन्ने प्रश्न पनि उत्तिकै जायज हुन्छ । जसले जे तर्क गरेपनि यो संसदीय राजनीतिमा आफ्नो पकड कायम राखिराख्ने गलत नियत दुवै तर्कभित्र लुकेको छ । जनमतको कदर नगर्ने अनी पुनः मतदान गर्न माग गर्ने, पुनः मतदान भए सहभागी नै नहुने दुवै तर्क संसदीय राजनीतिको कुरुप नमुना हो । जसले संसदीय राजनीतिको असफलतालाई झल्काउँछ ।

## चितवनको...

बालिकाहरुको शारीरिक अवस्था र त्यहाँको तत्कालीन परिस्थिति बुझ्दा पोखरीमा डुबेर नभई बलात्कार गरेर बालिकाहरुको हत्या गरेको ठहर गर्दै स्थानीय राजनीतिक पार्टी, महिला सगठन र अधिकारकर्मीहरुले दोषीको पहिचान गरी कडा कारबाही गर्न दबाब सिर्जना गरेका छन् ।

अनेमसंघ (क्रान्तिकारी) केही केन्द्रीय महासचिव तथा नेकपा (क्रान्तिकारी माओवादी)की नेतृ अम्बिका मुड्भरीको अगुवाइमा जिल्लामा कार्यरत राजनीतिक पार्टी, महिला संगठनहरु, अधिकारकर्मी र पत्रकारहरुले संयुक्त रुपमा स्थानीय प्रशासनलाई दबाब दिइरहेका छन् । आइबार नेकपा (क्रान्तिकारी माओवादी) सम्बद्ध विभिन्न संगठन र अन्य संगठन तथा अधिकारकर्मीहरुसहित संयुक्त रुपमा वक्तव्य जारी गरी दोषीको पहिचान गरी कारबाही गर्नुपर्ने माग राखेर धर्ना दिएका छन् ।

विभिन्न १९ वटा संगठन तथा अधिकारकर्मीले संयुक्त रुपमा जारी गरेको वक्तव्यमा भनिएको छ, "यस घटनाको सम्बन्धमा तथ्यगत रुपमा अनुसन्धान गरी घटनामा संलग्नलाई खोजी, गहिरो अनुसन्धान गरी पीडित पक्षलाई न्याय महसुस गराउन र कानुनी राज्यको स्थापित गर्न गराउन प्रशासन समक्ष अनुरोध गर्दछौं ।"


पछिल्लो समय चितवनमा बालबालिकाहरु बाल यौन दुर्व्यवहार, बलात्कार, बलात्कार प्रयास, बेचविखन जस्ता गम्भीर अपराधको शिकार भइरहेको प्रति उनीहरुले गम्भीर रुपमा ध्यानाकर्षण भएको विज्ञप्तीमा जनाएका छन् ।

अम्बिका मुड्भरी- महासचिव, अनेमसंघ (क्रान्तिकारी), सरस्वति विष्ट- अध्यक्ष, अखिल नेपाल महिला संघ, चितवन, शर्मिला विक- उपाध्यक्ष, अनेमसंघ (क्रान्तिकारी), गीता लम्साल, अध्यक्ष, राष्ट्रिय प्रजातान्त्रिक महिला संगठन, मीना खरेल, निमित्त अध्यक्ष, आदर्श नारी विकास केन्द्रलगायतले १९ वटा संगठनका प्रतिनिधिहरुले संयुक्त रुपमा वक्तव्यमा हस्ताक्षर गरेका छन् ।


मृतक बालिकाहरुको शव भरतपुर अस्पतालको शवगृहमा राखिएको छ । शव हेरेपछि शर्मा नारायणले आफ्नो फेसबुक पेजमा लेखेका छन्, "माडिमा पोखरीमा डुबेर मृत्यु भएका भनिएका नानीहरूको शव भरतपुर अस्पतालको शवगृहमा गएर हेरियो । सानी नानीको अनुहारभरि चोट छ । रगत पनि छ । ठुली नानीको शरीरमा चोट छ र अलिक धेरै नै रगत बगेको छ । स्ट्रेचरभरि रगत बगेको छ । लासको प्रकृति हेर्दा कसैको पुरुषार्थ(?)को शिकार बनेको जस्तो देखिन्छ ।"

यसैबीच, क्रान्तिकारी माओवादी चितवन निकट अनेमसंघ (क्रान्तिकारी) की अध्यक्ष शुभलक्ष्मी खनाल, नेपाल दालित मुक्ति मोर्चाका अध्यक्ष बाबुराम प्यासी परियार, क्रान्तिकारी युवा लिगका सचिव इस्मत सुनार र अखिल क्रान्तिकारीका जिल्ला अध्यक्ष अमित सापकोटाले संयुक्त रुपमा एक वक्तव्य जारी गरी घटनाको सत्य तथ्य छानबिन गरी दोषीमाथि कडा कारबाही गर्न स्थानीय प्रशासनसमक्ष माग गरेका छन् । मृतका बालिकाहरुप्रति श्रद्धाञ्जली व्यक्त गर्दै उनीहरुले शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गरेका छन् ।

वक्तव्यमा उनीहरुले दोषीलाई कारबाहीको दायरामा ल्याउन र पीडित परिवारलाई क्षतिपूर्ति दिलाउन जिल्लामा कार्यरत राजनीतिक पार्टी, अधिकारकर्मी, संचारकर्मीलगायतलाई सकारात्मक पहल गरिदिन आग्रह समेत गरेका छन्



सातको दुर्वाच्य... रामचन्द्र हुमागाई



# गणतन्त्रको मानपदवी : लाजको पसारो

२०७४, जेठ १४ गते । भू.पू. भनौं कि वर्तमान प्रधानमन्त्री प्रचण्डले हिजो एउटा कार्यक्रममा भाषण गर्दै भने, 'म भू.पू. भएकै छैन, किनभने मैले राजीनामा दिए पनि अर्को कोही पनि प्रधानमन्त्री नभएकाले अहिलेको कार्यकारी प्रमुख म नै हुँ' । कठै दिवालिया बुद्धि ! राजीनामा दिएपछि त्यसै पनि भू.पू. भै हाल्यो नि ! अर्को प्रधानमन्त्री बनोस् वा नबनोस्, त्यो सँग के सरोकार भयो र ! 'सायद् राजीनामा दिनु गल्ती भयो' भन्ने सपनाले रातभरि सतायो होला त नि ! यस्तरी बर्बराएका प्रचण्ड । कि सीता र प्रकाशले रातभरि टोकसे ? हुन त यो भन्दा अगाडि एमालेका बड्का नेता माधव नेपालले पनि ७/७ महिना कामचलाउ सरकार चलाएका थिए । कतै प्रचण्ड पनि त्यही दाउमा त छैनन् ?

जेठ १५ गते । आज गणतन्त्र दिवस, प्रचण्ड पुतर प्रकाशले समेत समाज सेवा पुरस्कार पाए । क्या मज्जा, राजाको पालामा भाइ–भतिजा र मामा भञ्जाका सन्तानले तक्मा पाउँथे । राणा शासन कालमा गर्व मै छँदा जर्नेलको तक्मा पाउने मोहन शम्सेरका नाती, विजय शम्सेरका छोरा पशुपति शम्सेर अहिले पनि ज्यूदै छन् । प्रचण्डले आफ्ना छोरा प्रकाशलाई तक्मा दिलाए त के भयो ? ती १६ हज्जार भन्दा बढी नेपालीलाई गणतन्त्र स्थापनाका लागि कसले बलिदान दिनु भनेको थियो र ! छोरो भनेको त प्रकाश जस्तो पो हुनुपर्छ त ! सुरा र सुन्दरीमा झल्लु हुने, बाबु प्रधानमन्त्री हुँदा पि. ए. हुने । सच्चा क्रान्तिकारी त प्रकाश दाहाल पो त !

जेठ १६ गते । राजीनामा दिएको तर कामचलाउ नभएको सरकारका अर्थमन्त्री कृष्णबहादुर महराले नयाँ आर्थिक वर्षको बजेट ल्याए । 'कही नभएको जात्रा हाँडी गाउँमा' भनेझैं राजीनामा दिइसकेको सरकारले नयाँ आर्थिक वर्षको बजेट ल्याउने, निर्वाचन आचारसंहिताको पालना गर्नैनपर्ने, टाउकाको मूल्य ५० लाख तोक्नेसँग दश वर्ष पनि नपुग्दै गर्धन जोड्ने र एक वर्षभित्र दुई–दुई वटा सरकारले त्यही बजेटको बही खाता राख्नुपर्ने गज्जबको गणतन्त्र नेपालमा मात्रै आयो ।

जेठ १७ गते । गणतन्त्र स्थापनापछि भएको स्थानीय तहको निर्वाचनअन्तर्गत भर्खरै घोषणा गरिएको भरतपुर महानगरपालिकामा मत गणनाको सिलसिलामा मध्यरातमा हार्ने पक्षले मतपत्र च्यात्यो । त्यो मतपत्रको पुनः गणना गर्ने कि निर्वाचन गराउने विषयले निकै घम्साघम्सी रुप लिइरहेको छ । यो रुप लिनु भनेको चानेचुने कुरा होइन । मोटामोटा जुँगा युद्ध यसमा जुटेको छ । नक्कली राष्ट्रवादी एमाले र नक्कली साम्यवादी माओवादी केन्द्रका नेताहरू क्रमशः के. पी. ओली र प्रचण्डका जुँगा यो घटनामा जोडिएकाले यसै भन्न सकिँदैन तर प्रचण्डले छोरालाई तक्मा र छोरीलाई मेयर बनाउन खाएको कसम भने चकनाचूर हुने चाँही पक्का छ ।

जेठ १८ गते । निकै लामो समयदेखि रस्साकस्सी गरेर बसेका मधेश केन्द्रित दलहरू लैनचौरको तात्तातो दालभात र तरकारीमा डकार्दै सिंहदरवार पसेपछि यही राजिनामा दिएको तर कामचलाउ भैनसकेको भनिएको प्रचण्ड सरकारले फेरि स्थानीय तहको दोश्रो चरण निर्वाचनको मिति सारेको छ र असार १४ गते निर्वाचन गर्ने मिति तय गरेको छ । यो असार महिना भनेको वर्षाद्को महिना हो, यो महिनामा पानी पर्न पनि सक्छ नपर्न पनि सक्छ । पानी परेन भने त सरकार र निर्वाचन आयोगको तालुमा आलु फल्ला । होइन, मुसल्धारे पानी पर्‍यो भने नेपाली जनताको गणतान्त्रिक सपना के होला ? एक वर्ष अगावै हुनु पर्ने निर्वाचनलाई निचोर्दा निचोर्दा यहाँसम्म ल्याइएको छ तैपनि छिमेकीको दाल रोटी मै रमाउने नेता भएपछि यस्तै हुन्छ । यो संविधान अनेकथरी निरँकुशहरूको अन्तिम दस्तावेज हो भन्नेहरूका लागि लुतो न कनाई ।

जेठ १९ गते । प्रचण्डले राजिनामा दिएपछि पाँचौं पटक वालुवाटारमा निवास सार्ने सुरसारमा रहेका शेरबहादुर देउवा मुख मिट्याई मिट्याई बहुमतीय सरकार गठनमा सकृय देखिएका छन् । पूर्व राजा ज्ञानेन्द्रले दुइ-दुई पटक अक्षम भन्दै प्रधानमन्त्री पदबाट गलहत्याएर फालिएका देउवाले पाठ सिकेका छन् कि छैनन्, भविष्यले नै बताउला तर नेपाली जनता यति बाठा भैसकेका छन् कि देउवालाई मात्रै होइन परिआए ज्ञानेन्द्रलाई पनि नागार्जुनबाटै लखेट्न पछि पर्दैनन्, समय मै चनाखो हुनु राम्रै होला ।

जेठ २० गते । आखिर जे नहुनु पर्ने थियो, त्यही भयो । प्रमुख निर्वाचन आयुक्तले भरतपुर महानगरपालिकाको वडा नं. १९ मा पुनः मतदान गराउने फैसला गरिदिए र राजनीतिक अन्यौलता अरु बढाईदिए । सँसदीय व्यवस्था भित्रको लोकतन्त्रमा यस्तै हुन्छ । पुराना ठकुरीहरू मासिदै गए पनि नयाँ नयाँ ठकुरीहरूले राजनीतिमा बाजिमार्छन् सर्वसाधारण जनता हेरेको हेर्‍यै । गोर्खाबाट आएका पृथ्वी नारायण शाहले पनि जनतालाई राहत दिन भनेरै राज्य एकीकरण गरेका थिए । पछि उनका साखासन्तानले उनैलाई सामन्तीको विल्ला लगाउँन वाध्य पारिदिए । कसलाई के थाहा ? प्रचण्डले पनि आफ्नी छोरीलाई मेयर वनाएर निरंकुश राजतन्त्रको पगरी गुथाउँने योजनामा पो छन कि ? छोरा प्रकाशलाई समाजसेवाको तक्मा भिराएर यो भन्दा अगाडिका सबै अपराध माफी गरिदिएपछि केही वर्ष पछि उनकै गर्धन ठूलो हुने त होला नि ! .कि होइन ?

जेठ २१ गते । आखिर अक्षम नम्बर एकको ताज पहिरिएका शेरबहादुर देउवा प्रधानमन्त्रीको एकल उमेद्वारको रुपमा मानिसै मानिसको भीडभित्र ठिङ्ग उभिन भ्याए । आज संसद चल्यो भने उनले सिंहदरवार भित्रको सबै भन्दा अग्लो घुमाउने कुर्सीमा खुट्टा हल्लाउन भ्याउने छन् । होइन एमालेसँग भागवण्डा मिलेन भने अरु केही दिन लाग्ने छ । उनी यतिबेला आफ्नै पार्टीका १७ पटक प्रधानमन्त्रीको दौडमा भाग लिएर हार खाएका रामचन्द्र पोडेलको समर्थन र राजनीतिमा नाइटो भन्दा तल साइनो हुदैन भन्ने माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको प्रस्थावमा प्रधानमन्त्रीको उमेदवार बनेका छन् । त्यो पनि संसदमा होइन भित्तामा सूचना टाँसेर उम्मेदवारी दर्ता गराएका छन् । हेरौं साँझसम्म के हुन्छ ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेम्पी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

स्वर्गद्वारी सार्वजनिक यातायात व्यवसायी समितिद्वारा सञ्चालित A/C हाइस सेवा

| | |
|---|---|
| काठमाडौं-खलंगा | बिहान ६:०० बजे |
| काठमाडौं- भिंगु किमीचौर | बिहान ६:३० बजे |
| भिंगु किमीचौर-काठमाडौं | बिहान ६:३० बजे |
| खलंगा-काठमाडौं | बिहान ५:०० बजे |
| खलंगा-नेपालगञ्ज | बिहान ८:३० बजे |
| नेपालगञ्ज-खलंगा | बिहान ९:०० बजे |

सम्पर्क नम्बर
काठमाडौं - ९८६६८३३३९९
खलंगा - ९८५१२४९९४८
किमीचौर - ९८५१२४९९४८
आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति
सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४
माइक्रो काउन्टर
काठमाडौं फोन ०१४३८८३९३
बाग्लुङ ०६८५२२२२०
काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ
A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो

# ब्यालेट कि बुलेट ?



हुकुमबहादुर सिंह

माथि उल्लेखित प्रश्न- ब्यालेट कि बुलेट ? विश्व पु‘जीवादले आफ्नो शोषणको जालोलाई संसदवादको आडमा विश्व जनमतका अगाडि आफूलाई शान्तिवादी देखाउन गरिएको कसरतको एउटा रुप हो । संसदवादीहरुले मार्क्सवादीहरु-कम्युनिष्टहरु बुलेटका पक्षधर हुन् तर हामी संसदवादीहरु ब्यालेटवाला हौ भनेर आम विश्व जनमतलाई काफी भ्रम दिंदै आएका छन् । तर सारमा यो प्रश्नले उनीहरुको संसदरुपी ब्यालेटको भण्डाफोर गर्न मद्त गर्दछ- संसदवादीज्युहरु ! तपाईहरुले अंगिकार गरेको स्वतन्त्र ब्यालेट कि बुलेटको आडमा ब्यालेट हो ?

विश्व राजनीतिक रंगमञ्चमा कैयौ शताब्दी देखि उठदै आएको यो प्रश्न सित मार्क्सवाद कि संसदवाद भन्ने प्रश्न पनि जोडिएको छ । सारमा मार्क्सवादले पहिलो -स्वतन्त्र ब्यालेटको वोकालत गर्दछ । सर्वहारावर्गीय क्रान्तिका मित्रहरुबिचमा गरिने स्वतन्त्र ब्यालेट, जहा‘ क्रान्तिले सर्वहारावर्गका दुश्मनको राज्यसत्तालाई ध्वम्स बनाएर सर्वहारा वर्ग र उसका मित्रहरुको राज्यसत्ताको स्थापना गरेको हुन्छ । त्यहा‘ ब्यालेटका पछाडि बुलेटको जरुरत नै पर्दैन् । तर संसदवाद भनेको मतदाताले नदेख्नेगरी राखिएको बुलेटको आडको ब्यालेट हो ।

पु‘जीपतिहरुले भन्ने ब्यालेट जो एउटा पु‘जीवादी दर्शनमा आधारित हो, यसले नेपालको वर्तमान सन्दर्भमा दलाल पु‘जीपति तथा सामन्तवर्गको अधिनायकवादी शासनसत्ताको पक्षपोषण गर्ने काम गर्दछ । स्वतन्त्र ब्यालेट जो मार्क्सवादी दर्शनसित जोडिएको छ , त्यसले नेपालका गरीव किसान, मजदुर तथा सबै उत्पीडित जाति तथा वर्गको मुक्तिका लागि काम गर्दछ । संसदवादीहरुले ब्यालेटका पछाडि बुलेट छिपाएर राखेका हुन्छन् भन्ने हरेक संसदीय निर्वाचनमा देखिने गर्दछ ।

मार्क्सवाद नेपालमा संर्वहारावर्गको नेतृत्वमा मजदुर किसानको मित्रतामा राष्ट्रिय पु‘जीपति वर्ग र जनताको जनवादी अधिनायकत्वको रुपमा लागु हुन्छ । संसदवाद र मार्क्सवाद भन्ने दुइटा फरक र वेग्लै शासनसत्ताको कुरा हो तर अहिले नेपालमा गरिएको स्थानीय निर्वाचनले जनताका लागि क्रान्तिका मित्र र शत्रुलाई पहिचान गर्न कठिन बनाइदिएको छ। आफूलाई मार्क्सवादी भन्नेहरुमध्ये केहीले नेपालमा सामन्तवादको पक्षपोषण गर्ने राजनीतिक दलहरुसित चुनावी तालमेल गरेका छन् भने अन्य केहीले नेपालमा दलाल पु‘जीपति वर्गको हितका लागि काम गर्ने राजनीतिक दलहरुसित गठजोड गरेको देख्दा बा‘कि क्रान्तिकारीका लागि आम जनतालाई चित्त बुझाउनै कठिन बन्दै गएको छ -क्रान्ति के का लागि र किन गर्ने ?

क्रान्तिको नाममा देश र समाजमा अराजकता फैलाउने, डर, धाक र धम्किबाट आर्थिक संकलन गर्ने र आफू र आफ्ना कार्यकर्ताको जिवन यापनलाई अर्काको परिश्रम र पसिनामा आश्रित गराउने तर सर्वहारावर्गको मुक्तिको कुरा गर्न नछाड्ने एकथरी कम्युनिष्टहरु पनि नेपालमा नभएका होइनन् । उनीहरुका लागि आफू र आफ्नो पार्टीलाई मागेजति रकम दिए दलाल पु‘जीपति तथा सामन्तवर्ग पनि राष्ट्रिय पु‘जीपतिमा दर्ज हुने । व्यापक भ्रष्टाचार गरेर अकुत सम्पत्तिको केही हिस्सा आफूलाई दिएमा रातारात इमान्दार बन्ने तर आफलूाई सहयोग नगरेमा दैनिक ज्यालादारी मजदुर पनि सामन्त दलालमा दर्ज गरिने, यो कस्तो मार्क्सवाद भएको छ नेपालमा ? पु‘जीपति तथा जमिन्दारका जमिन कब्जा गर्ने तर ती जमिनलाई आफै जग्गा दलाल बनेर विक्रि गरी पैसा कमाउने पनि नेपालमा “क्रान्तिकारी” कम्युनिष्टहरु देख्न पाइन्छ । हामीले भारतीय कम्युनष्ट पार्टी सिपिएमलाई दक्षिणपन्थी संसोधनवादी भनेर थाक्दैनौ तर सिपिएमका नेता पशिम बंगालका मुख्यमन्त्री ज्योति बशुलाई भारतीय कांग्रेस तथा अन्य राजनीतिक दलहरुले भारतको केन्द्रीय सरकारको प्रधानमन्त्री हुन आग्रह गर्दा पनि उनले त्यसलाई नैतिकताको कसिमा अस्विकार गरिदिए तर नेपालका कम्युनिष्टहरु पद र पैसाका लागि यति तलसम्म गिरेका छन् -आम नेपाली जनतालाई अब त नेपालमा को कम्युनिष्ट हो को होइन् भनेर छुट्टयाउन पनि कठिन बन्दै गएको छ । नेपाली कम्युनिष्टहरु पदका लागि जे पनि गर्दछन् भन्ने त हसिया हथौडाले रुखलाई भोट माग्ने, सूर्यले गाइलाई भोट माग्ने, वाम एकताको नाममा सूर्य चिन्हमा आफ्ना उम्मेदवारलाई जित्नकै लागि चुनावमा उठाउने आदि जतातत्तै छ्यापूछ्याप्ती देखिएको छ ।

भाषणमा तथा कुरामा दलाल पु‘जीपति तथा सामन्तवर्गमाथि संर्वहारावर्गको अधिनायकत्वको शासनसत्ताको कुरा गर्ने तर निर्वाचनमा त्यही दलाल पु‘जीपति तथा सामन्तवर्गको प्रतिनिधित्व गर्ने राजनीतिक दलका उम्मेदवारको विजयका लागि मत माग्दै हिंडने । संसदवाद खारेजको नारा दिने तर तिनै दलाल पु‘जीपति तथा सामन्तवर्गले थैली दिए उनकै विजयमा हिस्सेदारी गर्ने । यसो गर्दा कसरी र कहिले नेपालका गरीब तथा मध्यम किसान तथा सुकुम्वासीहरुको मुक्ति सम्भव छ ? त्यसकारण अहिलेको अहम् प्रश्न ब्यालेट कि बुलेट नभई स्वतन्त्र ब्यालेट कि ब्यालेटका पछाडि बुलेट ? भन्ने नै हो । याने मार्क्सवाद कि संसदवाद नै हो ?

hukumsingh2012@yahoo.com

## लोकतान्त्रिक...

खतरामा पर्दै गएको छ । बिडम्वना के छ भने चाहे आफ्ना वर्ग बैरीहरुले साम, दाम, दण्ड, भेदको प्रयोग गरेर भ्रम दिएका कारणले होस् चाहे आफै भ्रमित भएर होस्, जुन वर्गलाई मुक्ति चाहिएको हो त्यो वर्ग यतिबेला अत्यन्तै भ्रमित अवस्थामा रहेको महशुस हुन्छ । सर्वहारा, मजदुर, किसान, महिला, दलित, आदिवासी जनजाति, मधेसी, मुस्लिमलगायत कतिपय क्षेत्रका जनता युगौदेखि वर्गीय तथा जातीय, क्षेत्रीय, उत्पीडनको शिकार बन्दै आएका छन् । त्यो वर्ग तथा समुदायको मुक्ति र समानताको आवश्यकता भनेको यतिबेलाको टडकारो आवश्यकता हो । त्यसैका लागि पटक पटक जनसंघर्ष, जनआन्दोलन, जनविद्रोह वा जनयुद्धको माध्यमबाट आफ्ना आवाजहरु बुलन्द हुदै आएका छन् । तर पनि आजसम्म त्यो वर्गले सत्ता प्राप्त गर्न सकेको छैन, जसले गर्दा कमजोर अवस्थामा भएपनि वर्गसंघर्ष निरन्तर रुपमा जारी छ ।

२००७ सालको आन्दोलनले राणाहरुको सरकारलाई अपदस्त गऱ्यो भने ०३५/०३६ तथा मुख्यतः ०४६ सालको आन्दोलनले पञ्चायती व्यवस्थालाई अपदस्त गऱ्यो । तर तिनै पटक भएका जनआन्दोलनहरुले जनताका वर्ग दुस्मनका रुपमा रहेको सामन्तवादको मूल प्रतिनिधि राजतन्त्रतात्मक राज्य सत्ताको किल्ला हल्लाउन सकेन बरु सरकारको नाम बदलिए, व्यक्ति बदलिए, उनीहरुको नीति, योजना, कार्यक्रम, संस्कृति वा सामाजिक परिवेशमा खासै भिन्नता आउन सकेन । आन्दोलनको नेतृत्व वगर्नेहरु त्यही सामन्ती राजतन्त्रको कारिन्दा भएर बसे । जनतालाई पर्याप्त मात्रामा भ्रम दिएर बसे । त्यतिबेला पनि मुख्यतः उत्पीडनमा परेका जनता भ्रमित बने । बैचारिक रुपमा भ्रम चिर्न मालेमावादको वैचारिक जगमा उभिएको क्रान्तिकारी पार्टीले निकै मेहनत गऱ्यो तर जनतालाई व्यापक मात्रामा गोलबन्द गर्न सकेन । झनै भ्रमबाट उत्पीडित समुदायलाई मुक्त बनाउन सकेन । एउटा चोटिलो वर्ग संघर्षको आवश्यकता थियो, तत्कालीन अवस्थामा एक अभिभारा तत्कालीन नेकपा (माओवादी) ले पुरा गऱ्यो । दश वर्षको जनयुद्धले वास्तवमा दुई सय चालिस वर्ष देखि जरा गाडेर बसेको सामन्ती राजतन्त्रलाई सदाका निमित्त समाप्त बनाउने बलियो आधारभूमि तयार गऱ्यो । राजतन्त्रको कारिन्दाका रुपमा रहेका संसदीय पार्टीहरु पनि अन्ततः राजतन्त्रतात्मक राज्य सत्तालाई समाप्त बनाउन बाध्य भए । अन्यथा आफैं पनि सिद्धिने अवस्थामा थिए । बिडम्बना के भैदियो भने राजन्त्रतात्मक सामन्ती सत्ताको ठाउँमा संघीय जनगणतन्त्रात्मक राज्य सत्ताको स्थापना गर्न सकेको भए देश यतिबेला नयाँ ठाउँमा पुग्ने अवस्थामा हुने थियो । किनकी सत्ताको नेतृत्वमा सर्वहारा वर्गका प्रतिनिधिहर हुने थिए । तर त्यसो हुन सकेन । सत्ताको बागडोर साम्राज्यवाद मुख्यतः विस्तारवादका दलालहरुको हातमा सत्ता गयो । लोकतान्त्रिक गणतन्त्रका नाममा जनयुद्धको नेतृत्व गरेको एउटा हिस्सा प्रचण्ड र बाबुरामहरु समेत विस्तारवादका दलाल बन्न तयार भए ।

लोकतान्त्रिक गणतन्त्र स्थापना भएको यतिबेला नौ वर्ष पुरा भएको छ । नौ वर्षको अवधीमा यिनीहरुले के के गरे ? १. दशवर्षे जनयुद्धले उत्पीडित वर्गमा पैदा भएको चेतनास्तर र त्यसैको जगमा खडा भएको २०६२/०६३ को जनआन्दोलनको समेत पहल स्वरुप २४० वर्ष देखि सत्ताको बागडोर समातेर बसेको उत्पीडित वर्गको प्रमुख वर्ग दुश्मन सामन्ती राजतन्त्रलाई सधैंका निमित्त समाप्त बनाउने निर्णय गरेर एउटा उपलब्धी हासिल गऱ्यो ।

२. पहिलो संविधान सभाको निर्वाचन गरेर उत्पीडित वर्गको उल्लेख्य उपलब्धी प्राप्त गर्न नसकेता पनि परिवर्तनका पक्षधरहरुको संविधान सभामा मजवुद उपस्थिति रह्यो ।

३. सामन्तवादले आफ्नो सत्ता टिकाउन र अझ मजबुद बनाई राख्न नेपाललाई हिन्दू राज्य र हिन्दू धर्म जबर्जस्त लाद्दै आएको धर्म निरपेक्षता घोषणा गऱ्यो ।

४.उत्पीडनमा परेका वर्ग जातिका समुदायलाई नीति निर्माणको तहमा पुऱ्याउन निर्वाचन पूर्ण समानुपातिकको आवश्यकता थियो त्यो त पुरा हुन सकेन मिश्रित भएता पनि केही उपलब्धीहरु भए ।

५.आदिवासी जनजातिको थातथलो, उनीहरु विकास प्रक्रियालाई वैज्ञानिक तबरबाट अध्ययन अनुसन्धानका आधारमा निचोड निकालेर संघहरुको निर्माण गर्नु पर्थ्यो त्यो त हुन सकेन तर पनि केन्द्रीकृत सामन्ती राज्यको ठाउँमा संघीय राज्यको अवधारणा लागु गर्नुले केही मात्रामा भए पनि उपलब्धी हुन पुग्यो ।

६.राज्यको गलत नीतिका कारण लोप हुँदै गएका कतिपय जातिहरुको विकासका निमित्त सुरक्षित र स्वायत क्षेत्रहरु सँगै आर्थिक, सामाजिक र साँस्कृतिक विकासका निमित्त प्याकेज योजनाको आवश्यकता थियो । त्यो हुन सकेन, तर पनि संरक्षित र स्वायत क्षेत्रको अवधारणालाई आंशिक मात्रामा भए पनि उपलब्धिका रुपमा लिन सकिन्छ ।

७. दोस्रो संविधान सभाको निर्वाचन, संविधानको निर्माण र स्थानीय तहको निर्वाचनलाई उनीहरुले उपलब्धीका रुपमा बहुत बढाई, चढाई व्याख्या त गर्छन तर त्यसले देशलाई पछाडि धकेलेको छ । उत्पीडन जनताका अधिकारलाई झनै कुण्ठित बनाउदै लगेको छ ।

महान् शहिदहरुको त्याग, वीरता र बलिदान, बेपत्ता योद्धा तथा घाइते योद्धाहरुको राष्ट्र र जनता प्रतिको समर्पण, उत्पीडित जनताको आन्दोलनमा भव्य सहभागिताका कारण सामन्तवादी राजतन्त्रात्मक राज्य सत्ताको अन्त्य सँगै लोकतान्त्रिक गणतन्त्रको स्थापना लगायत माथि भनिएका उपलब्धी हाम्रा अगाडि छन् । तर ति उपलब्धि हासिल गर्न सर्वहारा वर्गले प्राप्त गरेका कयौं उपलब्धीहरुको बलिदान गर्न परेको अवस्थालाई पनि हामीले बिर्सन हुदैन । दश वर्षको जनयुद्धका क्रममा मुख्य र शीर्ष स्थानमा रहेर नेतृत्व गरेका प्रचण्ड र बाबुराममा आएको वैचारिक विचलनका कारण क्रान्तिले धोका खायो । इतिहासको यो घडीमा परिवर्तनका पक्षधरहरले वस्तुवादी तवरबाट विगतको समीक्षा गर्नुका साथै वर्तमानमा टेकेर भविष्यको खाका कोर्न आवश्यक छ ।

सामन्तवादी सत्ताको ठाउँमा लोकतान्त्रिक गणतन्त्र स्थापना हुनु एक हदसम्म प्रगति नै हो । तर लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि सर्वहारा वर्गले के के गुमायो ? त्यसको लेखाजोखा गर्न त्यतिकै आवश्यक छ ।

१. विस्तृत शान्ति सम्झौताका नाममा स्थानीय रुपमा गठन भएका जनसत्ता विघटन हुन पुगे ।

२. कठोर संघर्षका बिचबाट स्थापित भएका आधार ईलाकाहरु विघटन हुन पुगे ।

३.रगत सँग साटिएका हतियारहरु अन्ततः वर्ग दुश्मनलाई नै सजिलै गरी बुझाइयो ।

४. दश वर्षको जनयुद्धका क्रममा मुक्ति या मृत्युको कसम खाएर वर्गयुद्धमा होमिएका जनमुक्ति सेनाका योद्धाहरुलाई अयोग्यको नाममा, स्वौच्छिक अवकासका नाममा बिचल्ली बनाउँदै बाँकी रहेका सेनालाई समायोजनका नाममा भर्ती गराएर आत्म समपर्ण गराउनु ।

५.महान सहिदहरुलाई राष्ट्रिय रुपमा सम्मान, घाइते योद्धाहरुको उपचार तथा बेपत्ता योद्धाहरुको सार्वजनिकरण हुन नसक्नु । सहिद-बेपत्ता परिवारलाई उचित राहतको व्यवस्था नहुनु ।

६. जनयुद्धकालमा राज्यले काल्पनिक तवरबाट लगाईएका मुद्दा ब्युतायर जेल पठाउने तयारी गर्नु जस्ता विषयहरु हाबी हुनु ।

७. समग्रतामा जनयुद्ध नै गलत थियो भन्ने जस्ता प्रचार गर्नु ।

८. बिप्पा सम्झौता, २५ बुँदे सयुक्त विज्ञप्ति, उपल्लो कर्णाली, अरुण तेस्रो जस्ता विद्युत प्रोजेक्ट विदेशीको हातमा सुम्पनु ।

९. १६ बुँदे सहमति गरेर अन्तत संसदीय व्यवस्थालाई स्विकार गर्ने ।

१०. विदेशी शक्ति मुख्यत भारतीय विस्तारवादको डिजाइनमा दोस्रो संविधान सभाको निर्वाचन र त्यसैका आधारमा जनविरोधी संविधान बन्नु जस्ता परिघटनाहरु लोकतान्त्रिक गणतन्त्र स्थापनापछिका परिघटनाहरु हुन् ।

पटक-पटक जनआन्दोलन, जनसंघर्ष र मुख्यत दशवर्षको जनयुद्धले सामन्तवादी राजतन्त्रलाई त समाप्त बनायो तर सत्ता सर्वहारा वर्गका हातमा आएन । बरु उक्त सत्ता विस्तारवादका दलालहरुको हातमा पुग्यो । जसले गर्दा लोकतान्त्रिक गणतन्त्र विदेशी दलालहरुको हतियार जस्तो बन्न पुग्यो । यो अत्यन्तै दुःखद विषय हो । त्यसैले अव सर्वहारा वर्गका सच्चा प्रतिनिधिहरुले लोकतान्त्रिक गणतन्त्रका ठाउँमा जनगणतन्त्र र जनविरोधी संविधानका ठाउँमा जनसंविधान निर्माणका खातिर एउटा सशक्त क्रान्तिको तयारीमा जुट्न आवश्यक छ । सच्चा देशभक्त जनगणतान्त्रिक पक्षधरहरुलाई एजेण्डाका आधारमा एक ठाउँमा गोलबन्द गर्न जरुरी छ । लोकतान्त्रिक गणतन्त्रका यीनै सकारात्मक नकारात्मक परिघटनाबाट पाठ सिक्दै अगामी दिनमा अगाडी बढ्ने हिम्मत साहस गर्न जरुरी छ ।












**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।